# प्रभाव दैनिक
National Daily

वर्ष १२ | अंक १९९ | काठमाडौं | बुधबार, ०३ मंसिर २०८२ | Prabhab National Daily | Wednesday, 19 November 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–



**महिला हिंसा अन्त्य गरौं**

- महिला हिंसा जहाँसुकै र जो सुकैबाट पनि हुन सक्छ, सचेत होऔं,
- महिलामाथि शारीरिक, मानसिक,आर्थिक र सामाजिक रूपमा हिंसा हुन सक्छ,
- कुनै प्रकारको हिंसा भएमा उजागर गर्ने हिम्मत गरौं,
- हिंसामा परे तत्काल कानूनी सहायता लिऔं,
- कानूनी सहायता र सहयोगका लागि महिला हेल्पलाइन ( ११४५ ) मा सम्पर्क गरौं,
- घर(परिवार, विद्यालय, कार्यालय र समाजमा समान व्यवहार गरौं,
- महिला अधिकार र सम्मानको संरक्षणमा सबै जिम्मेवार बनौं,
- हिंसामुक्त घर तथा समाज निर्माणमा जिम्मेवार होऔं
- महिला हिंसा विरूद्ध शून्य सहनशीलता अपनाऔं ।

**महिला हिंसा विरूद्धको १६ दिने अभियान सफल पारौं ।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**


## प्रसाईंमाथि सार्वजनिक शान्तिविरूद्धको कसुरमा अनुसन्धान

### थप चार दिन हिरासतमा राख्न प्रहरीलाई अनुमति



पछिल्ला दिनमा उनले जे-जे गर्दै थिए, जे-जे भन्दै थिए, त्यसले हाम्रो शान्ति सुव्यवस्थालाई खलल पुऱ्याउने देखिएकोले अनुसन्धानका लागि नियन्त्रणमा लिएका हौं ।

■ **पवन भट्टराई**
प्रवक्ता, काठमाडौं प्रहरी परिसर



सरकारका कर्तुतहरु नेपाली जनताले थाहा पाउनुपऱ्यो भनेर फेसबुकबाट भिडियो प्रसारण गर्नुभएको थियो । त्यही आधारमा पक्राउ गरेको हुन सक्छ । यो राज्यले मच्चाएको अशान्ति हो ।

■ **प्रेमदीप थाम्सुहाङ**
सचिव, नागरिक बचाउ महाअभियान



फाइल तस्बिर

■ **जेबी योञ्जन**

**काठमाडौं–** विवादित मेडिकल व्यवसायी दुर्गा प्रसाईंलाई थप चार दिन हिरासतमा राखेर अनुसन्धान गर्न प्रहरीले अनुमति पाएको छ । जिल्ला प्रशासन कार्यालय काठमाडौंले मंगलबार उनलाई चार दिन हिरासतमा राखेर अनुसन्धान गर्न अनुमति दिएको हो ।

हिंसा भड्काउने अभिव्यक्ति दिँदै आएका प्रसाईं सोमबार राति भक्तपुरस्थित उनकै निवासबाट पक्राउ परेका थिए । उनको समूहले घोषणा गरेको आन्दोलनको एक साताअघि नै उनी प्रहरी हिरासतमा पुगेका छन् । पछिल्लो समय प्रधानमन्त्री सुशीला कार्की र गृहमन्त्री ओमप्रकाश अर्यालविरुद्ध आक्रामक देखिएका प्रसाईंले हिन्दूराष्ट्र पुनर्स्थापित गर्नुपर्नेदेखि संविधान नै खारेज गर्नुपर्नेसम्मका माग अघि सारेर आन्दोलन घोषणा गरेका थिए । उनी नेतृत्वको राष्ट्र, राष्ट्रियता, धर्म संस्कृति र नागरिक बचाउ महाअभियानले यही मंसिर ७ गतेदेखि आन्दोलन घोषणा गरेको थियो ।

आफूलाई भ्रष्टाचारविरोधी अभियानकर्मीको रूपमा चिनाउँदै आएका प्रसाईंले सोमबार साँझ जेन-जी विद्रोहको बेला ब्यारेक छाडेर भागेका प्रहरीविरुद्ध अमानवीय टिप्पणी गरेका थिए । प्रहरी र प्रहरी संगठनलाई होच्याउने अभिव्यक्ति दिएका थिए । उनको अभिव्यक्तिमाथि सरकारले निगरानी राख्दै आएको थियो ।

हालै बसेको सुरक्षा समितिको बैठकले उनको आन्दोलनले राष्ट्रिय सुरक्षामा गम्भीर चुनौती निम्त्याउन सक्ने निष्कर्ष निकालेको थियो । उनले हिंसा भड्काउने, सार्वजनिक शान्तिमा खलल पुऱ्याउने र मानिसहरूलाई उक्साउने गरेको भन्दै नियन्त्रणमा लिनुपर्ने सुरक्षा निकायका नेतृत्वहरूको राय थियो । सोही आधारमा प्रसाईं पक्राउ परेका हुन् । प्रसाईंमाथि सार्वजनिक शान्तिविरुद्धको कसुरमा अनुसन्धान हुने काठमाडौं प्रहरी परिसरका प्रवक्ता पवन भट्टराईले जानकारी दिए ।

⏭ क्रमशः पृष्ठ २ मा

# चुनाव हुनै नदिने रणनीतिमा एमाले

### प्रतिनिधिसभा पुनर्स्थापनाका लागि सर्वोच्च जाने र सडक संघर्ष गर्ने निर्णय

प्रधानमन्त्रीको एकल सिफारिसमा प्रतिनिधिसभा भंग गर्ने काम असंवैधानिक हो । सर्वोच्च अदालतले पटक-पटक भनेको छ ।

■ **केपी शर्मा ओली**
अध्यक्ष, नेकपा एमाले



सबै जिम्मेवारीपूर्वक र गम्भीरताका साथ निर्वाचन प्रक्रियामा लाग्नुपर्छ । घोषित निर्वाचन समयमा नै हुनुपर्छ । समयमा नै होस् भन्नको निम्ति वातावरण बनाउन सबैको बीचमा सहमति चाहिन्छ ।

■ **पुष्पकमल दाहाल**
संयोजक, नेपाली कम्युनिस्ट पार्टी



कांग्रेसको ध्यान निर्वाचनतिरै छ । त्यसैले यो विषयमा निर्णय नगर्न सक्छ । यसबारे औपचारिक निर्णय बिहीबारको केन्द्रीय समितिबाट आउने छ ।

■ **मिन विश्वकर्मा**
प्रचार विभाग प्रमुख, नेपाली कांग्रेस

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** भदौ २३ र २४ को जेन-जी विद्रोहपछि सत्ताबाट सडकमा पुगेको नेकपा एमाले आगामी फागुन २१ को प्रतिनिधिसभा निर्वाचन हुनै नदिने रणनीतिमा अघि बढेको छ।



यसका लागि विघटित प्रतिनिधिसभा पुनर्स्थापनाका लागि सर्वोच्च अदालत जाने निर्णय गरेको छ ।

प्रतिनिधिसभा विघटन असंवैधानिक भएको अडान राख्दै आएको एमालेले मंगलबार औपचारिकरूपमै अदालत जाने निर्णय गरेको हो । सर्वोच्चमा रिट लिएर जाने कामको जिम्मेवारी विघटित प्रतिनिधिसभामा आफ्नो दलको तर्फबाट प्रमुख सचेतक रहेका महेश बर्तौला र सचेतक रहेकी सुनिता बराललाई दिएको छ ।

'विघटित प्रतिनिधिसभा पुनर्स्थापना गर्न बर्तौला र बराललाई सर्वोच्च अदालतमा रिट निवेदन दर्ताका लागि काम गर्ने गरी बैठकले जिम्मेवारी दिएको छ,' विघटित प्रतिनिधिसभाको एमाले संसदीय दलको बैठकले गरेको निर्णयमा भनिएको छ । एमालेले ललितपुरको च्यासलस्थित पार्टी कार्यालयमा निवर्तमान सांसदहरूको बैठक राखेर उक्त निर्णय गरेको हो ।

सरकारले चुनावी तयारी तीव्र बनाउँदै लगेको अवस्थामा एमाले चुनाव हुनै नदिने पक्षमा लागेको हो । नेपाली कांग्रेससहितका दलहरू चुनावमा जान तयार देखिन्छन् । यद्यपि, कांग्रेसले औपचारिक निर्णय गरिसकेको छैन । अहिलेसम्म एमालेमात्र चुनावको विपक्षमा देखिन्छ ।

#### सडक संघर्ष पनि सँगसँगै

एमालेले कानुनी लडाइँसँगै सडक संघर्षसमेत गर्ने निर्णय गरेको छ । भदौ २७ गते प्रधानमन्त्रीमा नियुक्त सुशीला कार्कीले एकल निर्णय गरी विघटन गरिएको हुनाले प्रतिनिधिसभा पुनर्स्थापना हुनैपर्ने एमाले अध्यक्ष केपी शर्मा ओलीको जोड छ । 'प्रधानमन्त्रीको एकल सिफारिसमा प्रतिनिधिसभा भंग गर्ने काम असंवैधानिक हो । सर्वोच्च अदालतले पटक-पटक भनेको छ,' ओलीले भने, 'प्रतिनिधिसभाबाट बनेको प्रधानमन्त्रीले त पाएन ।' यसअघि ओली दुईपटक संसद् विघटन गर्दा दुवैपटक सर्वोच्चले उल्टाइदिएको थियो । उनले सोही नजिर देखाउँदै असंवैधानिक भनेका हुन् । आफैंले विघटन गर्दा भने उनले असंवैधानिक भएको अस्वीकार गरेका थिए ।

⏭ क्रमशः पृष्ठ २ मा

### देउवाको आगमनले संशय !

सिंगापुरमा उपचार गर्न गएका नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा शुक्रबार स्वदेश फर्किएसँगै दल र सरकारका मन्त्रीहरूसमेत सशंकित सुनिएका छन् । कांग्रेस केन्द्रीय समितिको निर्णय 'होल्ड' गरिनु र देउवा आएपछिमात्र एमालेको औपचारिक निर्णय आउनुलाई शंकास्पद भएको बताइएको छ ।

कांग्रेसले प्रतिनिधिसभाको पुनर्स्थापनालाई एजेण्डामा नराखे पनि उसको निर्णयले सरकारको भविष्य निर्धारण हुने बताइन्छ । आफू प्रधानमन्त्री हुने सर्तमा देउवाले प्रतिनिधिसभा पुनर्स्थापनाको मुद्दा अघि बढाउन सक्ने कांग्रेस संस्थापनइतरका नेताहरू बताउँछन् ।

अहिले देउवाले आफ्नो निवास गोप्य राखेका छन् भने आफू निकटका नेताहरूसँग पालैपालो भेटिरहेका छन् । यो भेट अर्थपूर्ण भएको कांग्रेसकै नेताहरू बताउँछन् । 'कांग्रेसले प्रतिनिधिसभा पुनर्स्थापनाको मुद्दा बोकेमा अन्यथा नलिँदा हुन्छ, यसले सरकारको भविष्य निर्धारण गर्छ,' कांग्रेसका एक नेताले भने ।

**सन्दर्भः वैदेशिक रोजगार**

## चार महिनामा रोजगारीका लागि साढे दुई लाखभन्दा बढी विदेसिए

### कात्तिकमा ७३ हजारभन्दा बढीले लिए श्रम स्वीकृति

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** चालु आर्थिक वर्षको चार महिनामा साढे दुई लाखभन्दा बढी युवा रोजगारीका लागि विदेसिएका छन् । गत साउनदेखि कात्तिकसम्मको अवधिमा कूल दुई लाख ७५ हजार ७६२ जना श्रम स्वीकृति लिएर रोजगारीका लागि विभिन्न मुलुमा गएका हुन् ।

पछिल्लो महिना कात्तिकमामात्रै ७३ हजार ९४ जनाले श्रम स्वीकृति लिएको वैदेशिक रोजगार विभागले मंगलबार सार्वजनिक गरेको तथ्यांकमा देखिन्छ । यो संख्या संस्थागत, व्यक्तिगत र पुनः श्रम स्वीकृति लिनेको हो ।

गत भदौ २३ र २४ को जेन-जी आन्दोलनपछि नेपालीहरूको प्रमुख श्रम गन्तव्य संयुक्त अरब इमिरेट्स (युएई)को रोजगारी बन्द हुँदा वैदेशिक रोजगारीमा जाने प्रवृत्तिमा केही फेरबदल देखिएको छ । चालु आर्थिक वर्ष २०८२/८३ को कात्तिक महिनामा संस्थागत माध्यमबाट रोजगारीमा




जानेहरूको संख्या करिब आधाले घटेको छ । श्रम स्वीकृति नवीकरण (पुनः श्रम स्वीकृति) गरेर जानेहरूको संख्या भने उल्लेख्यरूपमा बढेको छ ।

कात्तिकसम्म युएईको रोजगारी बन्द भएको अवस्थामा विदेसिनेहरू नै घट्ने अनुमान गरिएको थियो । रोजगारीका लागि विदेसिनेको संख्यामा भने यसको असर देखिएको छैन । यद्यपि, संस्थागत माध्यमबाट जानेको संख्यामा कमी आउँदा श्रम स्वीकृति नवीकरण जानेहरू भने हालसम्मकै बढी पाइएको छ ।

हालसम्म मासिक करिब ३० हजार श्रमिक रोजगारीका लागि पठाउँदै आएका इजाजत प्राप्त संस्थाले कात्तिकमा १२ हजार १४९ जनालाई मात्र रोजगारीमा पठाएका छन् । जसमा १० हजार ६५५ पुरुष र एक हजार ४९४ जना महिला छन् । श्रम स्वीकृति नवीकरण गरेर जानेहरूको संख्या भने ह्वात्तै बढेको छ । कात्तिकमामात्रै ५० हजार ५८० श्रमिक पुनः श्रम स्वीकृति लिएर गएका छन् । चालु आवको साउनमा २३ हजार ६४४, भदौमा २२ हजार २४० र असोजमा ३१ हजार ३७३ जनाले श्रम स्वीकृति नवीकरण गरेर गएका थिए । अघिल्ला आर्थिक वर्षको प्रत्येक महिनाको तथ्यांक हेर्दा पनि अधिकतम् ३० हजारको हाराहारीमा श्रम स्वीकृति नवीकरण गरेर गएको पाइन्छ ।

कात्तिक महिनामा नौ हजार ५५३ जनाले व्यक्तिगत श्रम स्वीकृति लिएका छन् । जसमध्ये सात हजार १९६ जना पुरुष र दुई हजार ३५७ जना महिला छन् । त्यस्तै, जिटुजीमार्फत ७८३ जना रोजगारीमा गएका तथ्यांक छ । जसमा ७१ जना इजरायल र ७१२ जना दक्षिण कोरिया गएका हुन् । कात्तिकमा वैदेशिक रोजगारीमा युवाहरू १०६ वटा मुलुकमा गएका छन् । जसमध्ये सबैभन्दा धेरै साउदी अरेबियामा १५ हजार ७६९ जना गएका छन् ।

⏭ क्रमशः पृष्ठ २ मा

एम्नेस्टी इन्टरनेसनलले भन्यो

## श्रमिक पठाउने एजेन्सीको अवैध क्रियाकलाप नियन्त्रण गर्नू

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** एम्नेस्टी इन्टरनेसनलले नेपाल, बंगलादेश, भारतलगायत श्रमिक पठाउने मुलुकले आफ्ना नागरिकको सुरक्षा सुनिश्चित गर्न भर्ना गर्ने एजेन्सीको अवैध क्रियाकलापलाई निगरानी, अनुसन्धान र कारबाही गर्न जिम्मेवारी लिन माग गरेको छ ।

एम्नेस्टी इन्टरनेसनलले मंगलबार श्रमिकसम्बन्धी प्रतिवेदन सार्वजनिक गर्दै रियाद मेट्रो परियोजनामा काम गर्न साउदी अरब पुगेका आप्रवासी श्रमिकलाई अत्यधिक भर्ना शुल्क तिर्न बाध्य पारिएको, खतराजन्य अत्यधिक गर्मीमा काम गर्नुपरेको र उनीहरूले दशकौंदेखिको गम्भीर दुर्व्यवहारका क्रममा अत्यन्त न्यून पारिश्रमिक पाएको जनाएको छ ।

एम्नेस्टी इन्टरनेसनलले भनेको छ, 'साउदी अरबमा सञ्चालनमा रहेका वा त्यहाँ प्रवेश गर्न खोज्ने कम्पनीका लागि यी निष्कर्षले स्पष्ट चेतावनीको काम गर्नुपर्छ, विस्तृत मानवअधिकारसम्बन्धी उचित सावधानी वैकल्पिक कुरा होइन ।

AMNESTY INTERNATIONAL

**रियाद मेट्रो परियोजनामा काम गर्न साउदी अरब पुगेका आप्रवासी श्रमिकलाई अत्यधिक भर्ना शुल्क तिर्न बाध्य पारिएको, खतराजन्य अत्यधिक गर्मीमा काम गर्नुपरेको र उनीहरूले दशकौंदेखिको गम्भीर दुर्व्यवहारका क्रममा अत्यन्त न्यून पारिश्रमिक पाएको एम्नेस्टीको भनाइ**

प्रारम्भिक चरणमै ठोस प्रक्रियाविना र सम्भावित मानवअधिकारसम्बन्धी चासोलाई सम्बोधन गर्ने पर्याप्त योजनाविना व्यवसाय प्रत्यक्षरूपमा श्रम शोषणको प्रणालीगत अभ्याससँग जोडिने वा ती अभ्यासलाई बढावा दिनमा योगदान पुऱ्याउने जोखिममा पर्छन् ।'

एम्नेस्टी इन्टरनेसनलले साउदी अरबले सन् २०३४ विश्वकपसहितका चर्चित अत्यन्त ठूला अर्थात् गिगा-प्रोजेक्ट अघि बढाउँदै गर्दा अधिकारीहरूले कफाला प्रायोजन प्रणालीलाई पूर्णरूपमा समाप्त गर्नुपर्ने पनि माग गरेको छ । मानव गतिविधिद्वारा सिर्जित जलवायु परिवर्तनका कारण तापक्रम अत्यधिक बढिरहेको सन्दर्भमा उसै पनि चरम गर्मी तापक्रम रहेको देशमा उनीहरूले भोग्नुपरेको कठिनाइ थप तीव्र भएको थियो ।

⏭ क्रमशः पृष्ठ २ मा

पृष्ठ १ बाट क्रमशः

## चुनाव हुनै...

ओलीले प्रधानमन्त्री कार्कीको सिफारिस अनधिकृत भएकोले आफूहरू सडक संघर्षमा पनि जाने बताए । 'हामीले दुइटै प्रकारका कदम अघि बढाउँछौं । यसलाई अस्वीकार गर्दै कानुनी प्रक्रियामा जान्छौं,' ओलीले भने, 'पुनर्स्थापनाबाहेक अरु संवैधानिक बाटो नै छैन । अर्को सडक संघर्षमा पनि जान्छौं ।'

एमाले संस्थापनइतरका नेताहरू भने यो निर्णय सफल नहुने तर्क गर्छन् । सबैभन्दा ठूलो दल नेपाली कांग्रेसले यसबारे कुनै चासो नदेखाएको पनि प्रतिनिधिसभा पुनर्स्थापनाको मुद्दा बलियो नहुने एक नेताले बताए । 'कांग्रेसलाई पनि यो विषयमा एमालेले भनेको हो, कांग्रेस इच्छुक देखिँदैन,' ती नेताले भने, 'त्यसैले नहुने मुद्दाले फेरि एमालेलाई कमजोर बनाउने देखिन्छ ।'

कांग्रेसले प्रतिनिधिसभा विघटन असंवैधानिक भने पनि निर्वाचनमा जानुपर्नेमा उसको जोड देखिन्छ । फागुन २१ गते घोषित निर्वाचनमा जान कांग्रेसले आफ्नो महाधिवेशनसमेत सार्ने तयारी गरिरहेको छ । प्रतिनिधिसभा पुनर्स्थापनाबारे बिहीबारको केन्द्रीय समितिले निर्णय गर्न सक्ने कांग्रेस प्रचार विभागका प्रमुख मिन विश्वकर्मा बताउँछन् । 'कांग्रेसको ध्यान निर्वाचनतिरै छ । त्यसैले यो विषयमा निर्णय नगर्न सक्छ । तैपनि यसबारे औपचारिक निर्णय बिहीबारको केन्द्रीय समितिबाट आउने छ,' विश्वकर्माले भने ।

माओवादी केन्द्र र एकीकृत समाजवादीसहित विभिन्न शक्ति मिलेर बनेको नेपाली कम्युनिस्ट पार्टी (नेकपा)ले दललाई निर्वाचनमै केन्द्रित गर्ने जनाएको छ । यद्यपि, निर्वाचनमा जान सबैको सहमति भने चाहिने नेकपाका संयोजक पुष्पकमल दाहाल बताउँछन् । 'सबै सहमत भएर जिम्मेवारीपूर्वक र गम्भीरताका साथ निर्वाचन प्रक्रियामा लाग्नुपर्छ । घोषित निर्वाचन समयमा नै हुनुपर्छ । समयमा नै होस् भन्नको निम्ति वातावरण बनाउन सबैको बीचमा सहमति चाहिन्छ,' सोमबार दाहालले भनेका छन् ।

## १६ रिटमा सर्वोच्चले दिएन अन्तरिम आदेश

पूर्वप्रधानन्यायाधीश कार्कीको नेतृत्वमा सरकार गठन र उनको सिफारिसमा भएको प्रतिनिधिसभा विघटनसम्बन्धी यसअघिका मुद्दामा सर्वोच्च अदालतले अन्तरिम आदेश जारी गर्न अस्वीकार गरेको छ । निवेदकले अन्तरिम आदेश माग गरेको विषयवस्तुसमेत रिट निवेदनको अन्तिम सुनुवाइ हुँदा विचार गर्नुपर्ने प्रकृतिको देखिँदा हाल निवेदनको माग दाबीबमोजिम अन्तरिम आदेश जारी गरिरहनु नपर्ने कात्तिक १२ गतेको आदेशमा भनिएको थियो ।

प्रधानन्यायाधीश प्रकाशमानसिंह राउत, न्यायाधीशहरू सपना प्रधान मल्ल, कुमार रेग्मी, हरिप्रसाद फुयाँल र डा. मनोजकुमार शर्माको संवैधानिक इजलासले त्यस्तो आदेश दिएको हो । प्रतिनिधिसभा विघटनविरुद्ध परेका रिट निवेदनमा लिखित जवाफ मागसमेत गरिएको छ । अन्तरिम सरकारको सिफारिसमा राष्ट्रपति रामचन्द्र पौडेलले गत भदौ २७ प्रतिनिधिसभा विघटन गरेका थिए । अन्तरिम सरकारका प्रधानमन्त्रीको नियुक्ति बदर, प्रतिनिधिसभा विघटन बदर एवं संसद् पुनर्स्थापना गर्न परमादेशको माग गर्दै सर्वोच्च अदालतमा १६ वटा रिट निवेदन दायर भएको थियो ।

रिट निवेदन पेस गर्नेमा अधिवक्ता डा. प्रेमराज सिलवाल, युवराज पौडेल, अधिवक्ता कीर्तिनाथ शर्मा पौडेलसमेत, आयुष बडाल, मकबुल मियाँ, अधिवक्ता खड्कबहादुर शाह, डम्बरप्रसाद शिवाकोटी, अधिवक्ता दलबहादुर धामी, प्रकाश भुजेल र विपिन ढकाल, अधिवक्ता आभास पोखरेल, ओमप्रकाशजंग शाह, अधिवक्ता विमल पोखरेल, अधिवक्ता डा. पुण्यप्रसाद खतिवडा र अधिवक्ता शेरबहादुर रोकाया रहेका थिए ।

## प्रसाईंमाथि...

उनले प्रभावसँग भने, 'पछिल्ला दिनमा उनले जे-जे गर्दै थिए, जे-जे भन्दै थिए, त्यसले हाम्रो शान्ति सुव्यवस्थालाई खलल पुर्‍याउने देखिएकोले अनुसन्धानका लागि नियन्त्रणमा लिएका हौं ।' प्रसाईंले सोमबार साँझ नवनियुक्त प्रहरी महानिरीक्षक दानबहादुर कार्कीको समेत आलोचना गरेका थिए । आफ्नो घरबाट प्रहरीले पर्चा बरामद गरेको भन्दै प्रहरी र प्रहरी संगठनविरुद्ध उनले हिंसाप्रेरित अभिव्यक्ति दिएका थिए ।

आफ्नो फेसबुकमा सोमबार नै एक भिडियो सार्वजनिक गर्दै सुशीला कार्की नेतृत्वको वर्तमान सरकार गठन र जेन-जी विद्रोहलाई विदेशीको आडमा भएको भयानक खेल भनेका थिए । जेन-जी विद्रोहलाई खुलेरै समर्थन गर्ने काठमाडौं महानगरपालिकाका प्रमुख बालेन साहविरुद्ध प्रसाईंले पटक-पटक अभिव्यक्ति दिए । जेन-जी अभियन्ता तथा हामी नेपालका सुदन गुरुङ पनि उनको निशानामा परे ।

यसरी जेन-जी समर्थित कार्की सरकार, प्रहरी र जेन-जी अगुवाहरूविरुद्ध आक्रामक अभिव्यक्ति दिने प्रसाईं पक्राउ परेका हुन् । उनी नेतृत्वको महाअभियानले मंगलबार काठमाडौं जिल्ला प्रशासन कार्यालय अघि प्रदर्शन गर्‍यो । महाअभियानका सचिव प्रेमदीप थाम्सुहाङले प्रसाईंलाई पक्राउ गरेर राज्यले अशान्ति मच्चाएको आरोप लगाए ।

'सरकारका कर्तुतहरू नेपाली जनताले थाहा पाउनुपर्‍यो भनेर फेसबुकबाट भिडियो प्रसारण गर्नुभएको थियो । त्यही आधारमा पक्राउ गरेको हुन सक्छ,' थाम्सुहाङले प्रदर्शनलाई सम्बोधन गर्दै भने, 'यो राज्यले मच्चाएको अशान्ति हो ।'

महाअभियानका संयोजक प्रसाईंले दिएको अभिव्यक्तिले सार्वजनिक शान्तिमा खलल नपुग्ने भन्दै उनीमाथि लागेको आरोप थाम्सुहाङले खारेज गरिदिए । प्रसाईं पछिल्लोपटक गत वर्षको १५ चैतमा राजसंस्था पक्षधरले काठमाडौंमा गरेको प्रदर्शनपछि पक्राउ परेका थिए । त्यसबेला उनी लामो समय प्रहरी हिरासत बस्नुपर्‍यो । अदालतले धरौटीमा छाड्न दिएको आदेशले उनी छुटे । यसपटक कति दिन हिरासत बस्ने हुन् ? टुंगो छैन । यदि, उनी सार्वजनिक शान्तिविरुद्धको कसुरमा दोषी ठहरिए प्रमुख जिल्ला अधिकारीले एक वर्षसम्म कैद वा १० हजार रूपैयाँसम्म जरिवाना गर्न सक्छन् ।

निर्वाचन आयोगमा प्रसाईं समर्थित 'नागरिक बचाउ' दल दर्ताको निवेदन परेको छ । दलको सभापतिको रूपमा माधव खतिवडालाई अघि सारिएको छ । प्रसाईं भने दलको कुनै पदीय जिम्मेवारीमा छैनन् । तर, खतिवडाले नागरिक बचाउ दललाई प्रसाईंको समर्थन रहेको र उनको अगुवाइमा दल दर्ताको निवेदन दिएको बताइसकेका छन् ।

प्रसाईं अघिल्लो सातामात्रै भारतबाट स्वदेश फर्किएका हुन् । घोषित आन्दोलनमा भारतीय संस्थापनपक्ष र हिन्दूवादीहरूको समर्थन जुटाउने उनी भारत गएको विवरण सार्वजनिक भएको थियो । तर, उनलाई भारतीय संस्थापनपक्षले समर्थन त के अध्यागमनमा केरकार गर्‍यो । उनको आन्दोलनलाई भारतको समर्थन भनेर प्रचार नगर्न चेतावनी दियो । यसपछि नेपाल फर्किएका प्रसाईं सरकारविरोधी अभिव्यक्ति दिँदा पक्राउ परेर हिरासत पुगेका हुन् ।

■■■

## चार महिनामा...

साउदीमा १५ हजार ६१३ जना पुरुष र १५६ जना महिला गएको तथ्यांक छ । त्यसैगरी, दोस्रो कतारमा १३ हजार ७३२ जना गएका छन् । त्यसपछि युएईमा १३ हजार ३९९, मलेसियामा नौ हजार ८७२ र कुवेतमा पाँच हजार २७८ जना गएको तथ्यांक छ । श्रम स्वीकृति नवीकरण गरेर सबैभन्दा बढी १२ हजार १६७ जना साउदी गएका छन् ।

जिल्लागत तथ्यांक हेर्दा कात्तिकमा सबैभन्दा बढी झापाका नागरिक वैदेशिक रोजगारीमा गएका छन् । उक्त जिल्लाबाट दुई हजार ७६० पुरुष र ७३३ जना महिलाले श्रम स्वीकृति लिएको देखिन्छ । उक्त एक महिनामा विदेसिएकामध्ये सबैभन्दा बढी महिला कामदार पनि सोही जिल्लाका छन् । झापापछि धनुषाबाट तीन हजार ४२१ जना, मोरङबाट तीन हजार १७४ जना, सिरहाबाट दुई हजार ५६१ र रूपन्देहीबाट दुई हजार ३९० जनाले रोजगारीका लागि मुलुक छाडेका छन् । सबैभन्दा कम श्रमिक भने मुस्ताङ र मनाङबाट १८/१८ जना गएका छन् ।

उक्त एक महिनामा सबैभन्दा बढी दक्ष श्रमिक रोजगारीमा गएका छन् । ५० हजार ८६२ जना दक्ष श्रमिक रोजगारीमा गएकोमा ४४ हजार ८७२ जना पुरुष र पाँच हजार ९९० जना महिला छन् । त्यस्तै १३ हजार ५२३ जना अदक्ष श्रमिक विदेसिएका छन् । अदक्ष श्रमिकमा ११ हजार ९४१ जना पुरुष र एक हजार ५८२ जना महिला छन् । रोजगारीमा आठ हजार ३०५ जना अर्धदक्ष कामदार ३३४ जना व्यावसायिक कामदार गएका छन् । त्यस्तै, ५४ जना पुरुष र १६ जना महिला गरी ७० जना उच्च दक्ष श्रमिक रोजगारीमा गएका छन् ।

■■■

## श्रमिक पठाउने...

यस्ता दुर्व्यवहार दशकौंसम्म मुख्य पूर्वाधार परियोजनामा संलग्न विभिन्न कम्पनीमा निरन्तर जारी रहेको तथ्यले श्रमिकलाई उचित संरक्षण प्रदान गर्न र उच्च शोषणको जोखिममा पुर्‍याउने प्रणालीलाई भत्काउनमा सरकारको चरम विफलतालाई उजागर गरेको एम्नेस्टीको बुझाइ छ ।

प्रतिवेदनअनुसार सन् २०१४ देखि सन् २०२५ सम्म रियाद मेट्रो प्रणाली निर्माणमा संलग्न मुख्य ठेकेदार, सहायक ठेकेदार र श्रम आपूर्तिकर्तालगायत विभिन्न विदेशी तथा साउदी अरबका कम्पनीद्वारा रोजगारीमा लगाइएका बंगलादेश, भारत र नेपालका ३८ पुरुषसँग एम्नेस्टी इन्टरनेसनलले कुरा गरेको थियो । उनीहरूमध्ये प्रायः सबैका लागि दुर्व्यवहार घर छोड्नुअघि नै सुरू भएको थियो किनभने उनीहरूलाई आफ्नै देशका एजेण्टहरूले ७०० देखि तीन हजार ५०० अमेरिकी डलरसम्मको भर्ना शुल्क र सम्बन्धित खर्च तिर्न बाध्य पारेका थिए । जसका कारण उनीहरू धेरैजसो भारी ऋणमा डुब्नुका साथै थप दुर्व्यवहारमा पर्ने जोखिम बढेको छ ।

# छिटो राहदानी बनाइदिने बिचौलिया पक्राउ

**काठमाडौं (प्रस)–** प्रहरीले छिटोछरितो राहदानी बनाइदिने भन्दै बिचौलियाको काम गर्ने र दुःख दिने गरेको अभियोगमा आठ जनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा पाँचथर फाल्गुनन्द गाउँपालिका-४ का २६ वर्षीय सञ्जय आङ्देम्बे, काठमाडौं शंखरापुर-६ का ३२ वर्षीय ख्यामबहादुर श्रेष्ठ, सिन्धुपाल्चोक चौतारा साँगाचोकगढी नगरपालिका-३ का २५ वर्षीय प्रेमबहादुर लामा, सोही ठाउँका १८ वर्षीय भगवान तामाङ, सुर्खेत बराहताल गाउँपालिका-१० का २९ वर्षीय टेकबहादुर सुनार, दोलखा भिमेश्वर-२ का ३० वर्षीय साजन श्रेष्ठ, रामेछापको रामेछाप नगरपालिका-५ का ४० वर्षीय गोकुलबहादुर श्रेष्ठ र सिन्धुपाल्चोक चौतारा साँगाचोकगढी-३ का ३८ वर्षीय जीवन लामा रहेका उपत्यका अपराध अनुसन्धान कार्यालयका सूचना अधिकारी एवं प्रहरी उपरीक्षक काजीकुमार आचार्यले जानकारी दिए ।

उनले भने, 'राहदानी विभाग त्रिपुरेश्वर, काठमाडौंको मुलगेट बाहिर सेवाग्राहीलाई छिटोछरितो राहदानी बनाइदिने भन्दै विश्वास दिलाई अतिरिक्त रकम लिइ दुःख हैरानी दिने तथा राहदानी विभागका कर्मचारीसमेतको कामकारबाहीमा अवरोध पुर्‍याउने कार्य गरेको भन्ने विशेष सूचनाको आधारमा उनीहरूलाई पक्राउ गरिएको हो ।'

पक्राउ परेका आठै जनालाई थप अनुसन्धान तथा आवश्यक कारबाहीका लागि जिल्ला प्रहरी परिसर काठमाडौंमा पठाइएको सूचना अधिकारी आचार्यले बताए ।

### हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०८१/०३/१६ मा दर्ता भएको **दर्ता नं. ३३९८५७** को **युनिकन इंक ब्रोडकाष्टिङ कम्पनी लिमिटेड**को मिति २०८२/०८/०२ को विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटरः हरि बाबु थापा, इजाजत पत्र नं. ४१८,**
**ठेगानाः कागेश्वरी मनोहरा-९, फोन नं. ९८४११५३१४**

### हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०८०/११/२९ मा दर्ता भएको **दर्ता नं. ३३१७६७** को **एस. आइ. ए. एग्रो टेक कम्पनी लिमिटेड**को मिति २०८२/०८/०२ को विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटरः हरि बाबु थापा, इजाजत पत्र नं. ४१८,**
**ठेगानाः कागेश्वरी मनोहरा-९, फोन नं. ९८४११५३१४**

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
**वैदेशिक रोजगार विभाग**
**प्रशासन तथा योजना शाखा**
ताहाचल, काठमाडौं, बागमती प्रदेश, नेपाल

### जनहितमा जारी सन्देशमुलक सूचना

हालका दिनहरूमा फेसबुक, टिकटक, भाइवर, युटुव तथा ह्वाट्सएप लगायतका सामाजिक सञ्जालहरूमा वैदेशिक रोजगारीमा पठाइदिने भनि विभिन्न प्रलोभनहरू सहितका विज्ञापन गर्ने, राम्रा र आकर्षक सुविधा भएको देशमा पठाइदिने भन्ने आस्वासन दिने, पैसा उठाउने तथा पासपोर्टहरू संकलन गरेर दुख दिने, साथै ७ भिसा मार्फत कोरिया पठाइदिन्छु भनि गैरकानूनी गतिविधि गरेको भन्ने सुनिन आएकोले सो विषयमा यस विभागको ध्यानाकर्षण भएको छ । वैदेशिक रोजगार ऐन, २०६४ ले नेपाल सरकारले वैदेशिक रोजगारीमा जानको लागि खुल्ला गरेका मुलुकहरूको हकमा वैदेशिक रोजगार विभागबाट स्वीकृति लिई नेपालकै विमानस्थल प्रयोग गरि जान सकिने तथा वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त संस्था बाहेकले सो सम्बन्धी कार्य गर्न नपाउने समेत कानूनी व्यवस्था छ । तर कानून विपरित श्रम स्वीकृति नलिई, अर्को मुलुकको विमानस्थल प्रयोग गरि, गलत सूचना प्रवाह गर्दै भ्रम सिर्जना गरेर विदेश पठाउने/जाने कार्य गैरकानूनी भएको र यसरी वैदेशिक रोजगारीमा जाँदा श्रमिकहरू विभिन्न जोखिममा पर्न सक्ने, मानव तस्करी, श्रम शोषण र दुर्व्यवहारको खतरा झन बढ्ने देखिन्छ। वैदेशिक रोजगारीलाई सुरक्षित मर्यादित र भरपर्दो बनाउन वैदेशिक रोजगार ऐन, २०६४ ले तोके बमोजिम अनिवार्य रूपमा वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति लिएको एकिन गरी नेपालकै विमानस्थलको प्रयोग गरी तोकिए बमोजिमका तालिमर ओरेन्टेसन तथा आफ्नो स्वास्थ्य चेकजाँच समेत गरेर कानून बमोजिम जानको लागि आह्वान गरिन्छ। यसरी गैरकानूनी रूपमा जाने वा पठाउने वा सामाजिक सञ्जालहरूमा जथाभावि विज्ञापन गर्ने जो कोहीलाई कानून वमोजिम कारवाही गरिने छ। साथै, कुनै पनि व्यक्तिले सामाजिक सञ्जाल लगायत अनाधिकृत तवरले प्रचार गरिएका वैदेशिक रोजगारी सम्बन्धी विषयमा विश्वास नगरी आधिकारिक संस्थामार्फत भिषा र श्रम स्वीकृति भए पश्चात मात्र आर्थिक कारोबार गर्नुहुन अनुरोध छ ।


### मलेसियामा रोजगारको अवसर

कम्पनी : PLATINUM SECURITY SDN.BHD.
शहर : Persiara

पूर्व स्वीकृति मिति : २०८२/०१/२३ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०८/०२ | LT. No. 323194 | चलानी नं. ६०२३७२०७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security | 45 | 0 | 1700 | ५७,७८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ मंसिर १० देखि १४ गते (26- 30 Nov. 2025) सम्म हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

A.K. OVERSEAS (PVT.) LTD.
श्रम ईजाजत नं.४९४/०६१/०६२
Nishal Marg, Lazimpat, Kathmandu, Nepal, Tel: 014000027, 9851085705, 9841711205, 9851086618, Email: akoverseas494@gmail.com

### साउदीमा रोजगार

कम्पनी : Amal Al-Nahrain Contracting Company

पूर्व स्वीकृति मिति : २०८२/०४/२९ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०८/०२ | LT. No. 329254 | चलानी नं. ६०२४३१३१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labouers | 25 | 0 | 1000 | ३७,३२८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ मंसिर १० गते (26th Nov. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

CENTRAL CAPITAL SERVICES PVT.LTD.
श्रम ईजाजत नं. ५७४/०६२/०६३
P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492
Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com

### कुवेतमा रोजगार

कम्पनी : HASSAN TAQI LADIES CLOTHES TAILORING COMPANY

पूर्व स्वीकृति मिति : २०८१/०९/१८ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०८/०२ | LT. No. 316504 | चलानी नं. ६०२३०७८३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Tailor | 10 | 0 | 150 | ६९,३२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ मंसिर १० गते (26th Nov. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

EXPRESS RECRUITER NEPAL PVT. LTD
Govt. License No. 1613/079/080
Dhumbarahi-4, Kathmandu, Nepal, Ph. No: +977-01-5916897,5917897, E-mail : expressrecruiternepal.com, expressrecruiter.nepal@gmail.com

### युएइमा रोजगार

कम्पनी : Mohammed Abdulmohsin Al-kharafi & Sons L.L.C

पूर्व स्वीकृति मिति : २०८१/१०/१० | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०८/०२ | LT. No. 317712 | चलानी नं. ६०२३१८४६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour (building Projects) | 96 | 0 | 900 | ३४,७०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : Fast Bldg. Cont. Co. Llc.

पूर्व स्वीकृति मिति : २०८१/१०/१० | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०८/०२ | LT. No. 317663 | चलानी नं. ६०२३१८३७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Blacksmith | 36 | 0 | 1200 | ४६,२६७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Building Labor | 23 | 0 | 1000 | ३८,५५५ | | | | | | | |
| 3 | Carpenter | 7 | 0 | 1200 | ४६,२६७ | | | | | | | |
| 4 | House-builder | 18 | 0 | 1000 | ३८,५५५ | | | | | | | |
| 5 | JOINER | 20 | 0 | 1200 | ४६,२६७ | | | | | | | |
| 6 | Plumber | 8 | 0 | 1200 | ४६,२६७ | | | | | | | |
| 7 | STONE MASON | 32 | 0 | 1200 | ४६,२६७ | | | | | | | |

कम्पनी : Khidmah- Sole Proprietorship L.L.C. Uae

पूर्व स्वीकृति मिति : २०८२/०६/०७ | LT. No. 331562 | चलानी नं. ६०२४७५५८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaners male | 0 | 150 | 1000 | ३८,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Cleaners Female | 50 | 0 | 1000 | ३८,५५५ | | | | | | | |

कम्पनी : National Catering Company Limited-wll

पूर्व स्वीकृति मिति : २०८१/१०/१० | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०८/०२ | LT. No. 317465 | चलानी नं. ६०२३१८३७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaners Female | 0 | 15 | 800 | ३०,८४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Office Boys/Girls (Utilities) | 0 | 25 | 900 | ३४,७०० | | | | | | | |
| 3 | Tea Boy, Office boy | 8 | 0 | 900 | ३४,७०० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ मंसिर १० गते (26th Nov. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

RELIABLE MANPOWER RECRUITMENT PVT LTD
Govt.Lic. No 1728/081/82
Sinamangal-9, Kathmandu, Nepal, (50 Meter opposite to Hope Hospital) T: 01-5922931/ 5922932/ 5922934
Email:- reception@reliablemanpowernepal.com, Web: www.reliablemanpowernepal.com


स्थानीय सरकार
**मैवाखोला गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
साँघु,ताप्लेजुङ

### बोलपत्र स्वीकृति सम्बन्धी आशयको सूचना

**प्रकाशित मितिः२०८२/०८/०३**

यस कार्यालयबाट स्वीकृत निम्न आयोजनाहरुको मिति २०८२।०६।१० गते प्रकाशित सूचना अनुसार यस कार्यालयमा दर्ता हुन आएका बोलपत्रहरुको मूल्याङ्कन हुँदा निम्न बोलपत्रदाताहरुको न्यूनतम मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही भई वोलपत्र स्वीकृतिका लागि छनौट भएकाले सार्वजनिक खरिद ऐन,२०६३ को दफा २७(२) को प्रयोजनार्थ वोलपत्र स्वीकृति सम्बन्धी ७(सात) दिनको आशयको सूचना सम्बन्धित सबैमा जानकारिका लागि प्रकाशित गरिएको छ ।

**निम्नः**

| क्र.स. | आयोजनाको नाम | छनौट भएका निर्माण व्यवसायीको नाम ठेगाना | न्यूनतम सारभुतरुपमा प्रभावग्राही कवोल अङ्क रु .(मु.अ.क.र पि.एस सहित) |
|---|---|---|---|
| १. | Gupha-Gyaupokhari-Gaire-Sanghu Sadak Staronnati (M/WORKS/NCB/E/082/83/04) | तेल्लाबूङ-नव उदय जेभी, ताप्लेजुङ | १,१२,४३,३९७५१ |

**प्रमुख प्रशासकीय अधिकृत**

स्थानीय सरकार
**पथरी शनिश्चरे नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
पथरी, मोरङ, कोशी प्रदेश, नेपाल

### विज्ञापन प्रकाशनका लागि सिलबन्दी दरभाउपत्र आव्हानको सूचना !

**सूचना प्रकाशित मितिः २०८२/०८/०३**

पथरी शनिश्चरे नगरपालिकाबाट आ.व.२०८२/८३ मा वार्षिक रूपमा प्रकाशन गरिने विभिन्न विषयसँग सम्बन्धित विज्ञापनहरू राष्ट्रिय स्तर 'क' वर्ग तथा प्रदेशस्तरमा दर्ता भएका 'क' वर्गका दैनिक प्रकाशन हुने पत्रिकाको भित्री पेजमा प्रकाशन गर्दा के कति दरमा प्रकाशन गर्न सकिन्छ ? ईजाजत प्राप्त इच्छुक कम्पनी तथा फर्महरूले यो सूचना प्रकाशन भएको मितिले **१५ (पन्ध्र) दिन** भित्रमा यस कार्यालयबाट उपलब्ध प्रस्ताव सम्बन्धी फारम खरिद गरी **१६ औं दिन** दिनको १२ :०० बजे भित्रमा पेश गर्नु हुन सम्बन्धित सबैका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

| सि.नं. | दरभाउ पत्रको नाम | ठेक्का नं. | फारम दस्तुर रु. | दरभाउपत्र जमान रु. |
|---|---|---|---|---|
| १. | Procurement of Advertisement 082/083 | PSMUN/SQ/OTHERS/082/83-01 | १०००।०० | ३२,५००।०० |

**नोट** : विस्तृत विवरण नगरपालिकाको वेवसाइट http//patharishanishcharemun.gov.np मा हेर्न सकिने छ । साथै सिलबन्दी दरभाउ फारम र अन्य कागजात https//www.bolpatra.gov.np/egp मार्फत खरिद गरी पेश गर्न सकिनेछ ।
**नोट** : प्राप्त भएका सिलबन्दी दरभाउ पत्र आंशिक वा पूर्णरूपमा स्वीकृत गर्ने अधिकार कार्यालयसँग निहित रहनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

# मधेसका मुख्यमन्त्रीलाई नीतिगत र दीर्घकालीन असर पर्ने काम नगर्न सर्वोच्चको आदेश

■ प्रभाव संवाददाता

काठमाडौं- सर्वोच्च अदालतले मधेस प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवलाई मुद्दा किनारा नलागेसम्म नीतिगत र दीर्घकालीन असर पर्ने निर्णय नगर्न अन्तरिम आदेश गरेको छ।

न्यायाधीशद्वय नहकुल सुवेदी र सुनिलकुमार पोखरेलको संयुक्त इजलासले मंगलबार मुद्दाको अन्तिम किनारा नलागेसम्म प्रदेशमा नीतिगत र दीर्घकालीन असर पर्ने कुनै पनि निर्णय नगर्न अन्तरिम आदेश गरेको हो। आदेशमा भनिएको छ, 'मुख्यमन्त्री नियुक्ति प्रक्रियामा संविधानले परिकल्पना गरेको संसदीय लोकतन्त्रको मूल्य मान्यता र पारदर्शिताकोसमेत गम्भीर प्रश्न प्रथम दृष्टिमै खडा भएको देखिँदा प्रस्तुत निवेदनको अन्तिम किनारा नभएसम्म मिति कात्तिक २३ मा गठन भएको भनिएको मन्त्रिपरिषद्बाट कुनै पनि नीतिगत र दीर्घकालीन प्रभाव पार्ने निर्णय नगर्नू।'

अदालतले नेपालको संविधानको धारा १६(४) बमोजिम विश्वासको मत प्राप्त गर्ने प्रक्रियामा अवलम्बन गरेको संसदीय प्रक्रियाको मूल्य मान्यताविपरीत कुनै पनि कार्यहरू नगर्नसमेत भनेको छ। कांग्रेस संसदीय दलका नेता कृष्णप्रसाद यादवसहित विपक्षी दलका प्रदेशसभा सदस्यले दायर गरेको रिट निवेदनको अन्तिम सुनुवाइका लागि यही मंसिर ११ गते तोकिएको छ।

सर्वोच्च अदालतमा मधेस प्रदेशसभाका ७४ सदस्यले संविधानको धारा १६८ को उपधारा ३ बमोजिम नेकपा एमाले संसदीय दलका नेता सरोजकुमार यादवलाई मुख्यमन्त्री नियुक्त गर्ने प्रदेश प्रमुखको निर्णयविरूद्ध रिट निवेदन दायर गरेका थिए।

# स्थानीय भाषाको पाठ्यक्रम र पाठ्यपुस्तकलाई सरल बनाउँदै महानगर

**काठमाडौं (प्रस)**– काठमाडौं महानगरपालिकाले स्थानीय भाषाको पाठ्यक्रम र पाठ्यपुस्तकलाई सरल, सहज, व्यवहारिक र वैज्ञानिक बनाउन संशोधन प्रक्रिया अगाडि बढाएको छ।

महानगर शिक्षा विभागले विज्ञ समूह गठन गरेर प्रक्रिया अगाडि बढाएको हो। नेपाल भाषाको पाठ्यक्रम तथा पाठ्यपुस्तकमा संशोधन तथा परिमार्जन समितिका पदाधिकारी तथा विषय विज्ञसँगको छलफलमा उपप्रमुख सुनिता डंगोलले सिकाइ विधिलाई निर्देशित गर्ने पाठ्यपुस्तकलाई बालमैत्री बनाउँदै लैजानुपर्ने बताइन्। उनले पाठ्यक्रम तर्जुमा गर्दा तथा पाठ्यपुस्तक पुनर्लेखन गर्दा त्यसको प्रभावकारितालाई ध्यान दिनुपर्नेमा जोड दिइन्।

'स्थानीय भाषाको पठनपाठन थप पुस्तक पढाउन र परीक्षा लिनका लागि मात्र होइन, यसले पहिचान तथा रैथाने समुदायको मौलिकता र चिनारी पनि स्थापित गर्छ भन्ने हो। यो उद्देश्य पूरा गराउनेगरी पाठ्यपुस्तक आवश्यक छ,' उनले भनिन्, 'यसको प्रभावकारी शिक्षणका लागि संस्थागत विद्यालयमा नेपाल भाषा अध्यापन गर्ने शिक्षक/शिक्षिकाहरूलाई प्राथमिकतामा राखेर यसपछिको क्षमता विकास कार्यक्रम आयोजना गर्न ध्यान दिन आवश्यक छ।'

सामुदायिक विद्यालयमा नेपाल भाषाका सहायक प्रशिक्षकहरूका लागि विभिन्न चरणमा तालिम दिइएकाले यसपटक संस्थागत विद्यालयका शिक्षक/शिक्षिकालाई प्राथमिकतामा राखेर तालिम दिनुपर्नेमा उपप्रमुख डंगोलको जोड छ। महानगरपालिकाले स्थानीय पाठ्यक्रम तर्जुमा गर्ने क्रममा कक्षा १ देखि ८ सम्म नेपाल भाषाको 'यें देय् म्हसिके' अर्थात् 'काठमाडौंलाई चिनौं' पाठ्यपुस्तक पढाइरहेको छ। यससँगै तामाङ भाषाको पाठ्यपुस्तक पनि कार्यान्वयनमा छ। यी विषयका परीक्षामा कक्षा ४ र ५ मा ७५ अंकको अभ्यास र २५ अंकको सैद्धान्तिक मूल्यांकन हुने गरेको छ।

# शान्ति सुरक्षामा असर पर्ने कुनै अभिव्यक्ति र गतिविधि नगर्न आग्रह

**काठमाडौं (प्रस)**– राष्ट्रिय मानवअधिकार आयोगले देशको शान्ति सुरक्षामा असर पर्ने खालका अभिव्यक्ति र गतिविधि नगर्न सरकार, राजनीतिक दल, अभियन्ता र आमनागरिकलाई आग्रह गरेको छ।

आयोगका प्रवक्ता डा. टीकाराम पोखरेलले मंगलबार जारी गरेको प्रेस विज्ञप्तिमा अभिव्यक्ति स्वतन्त्रता र शान्ति सुरक्षाको सवालमा गम्भीर हुन सबैलाई आग्रह गरिएको छ। 'कोही कसैलाई पनि विचार र अभिव्यक्तिको कारणले मात्र पक्राउ गर्ने कार्यबाट मानवअधिकारको सम्मान र संरक्षण नहुने भएकाले त्यसतर्फ गम्भीर हुन आयोग नेपाल सरकारलाई निर्देशन गर्दछ,' विज्ञप्तिमा भनिएको छ, 'देशको शान्ति सुरक्षामा असर पर्ने खालका अभिव्यक्ति र गतिविधि नगर्न आयोग राजनीतिक दल, अभियन्ता र आमनागरिकलाई आग्रह गर्दछ।'

विवादित व्यवसायी दुर्गा प्रसाईंलाई पक्राउ गरिएको घटनाको सम्बन्धमा आयोगले अनुगमन गरेको र मंगलबार नै आयोगको टोलीले जिल्ला प्रहरी परिसर भद्रकाली, काठमाडौं पुगी प्रसाइँ र सम्बन्धित प्रहरी अधिकारीहरूसँग भेट गरी जानकारी लिएको बताइएको छ।

आयोगले प्रसाईंलाई सोमबार राति १२.३० बजे निजको निवास सानो ठिमी, भक्तपुरबाट पक्राउ गरी जिल्ला प्रहरी परिसर काठमाडौंको हिरासतमा राखिएको, प्रहरी प्रतिवेदनअनुसार सार्वजनिक शान्तिसुरक्षाविरुद्धको अनुसन्धानका लागि पक्राउ गरिएको भनी निजलाई पक्राउ तथा थुनुवा पुर्जी दिइएको र निजको स्वास्थ्य अवस्था सामान्य रहेको आयोगलाई जानकारी प्राप्त भएको जानकारी दिएको छ।


**Chame Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Chame, Manang**
**Gandaki Province, Nepal**

**Invitation for Sealed Quotations**

**Date of publication : 19-11-2025**

1. Chame Rural Municipality, Manang office of the Rural Municipal Executive, Chame Manang Invites Sealed Quotations for the following Construction works.

| S. N. | Quotation Identification No. | Name of Project | Cost of Bid Document (NRS) | Estimated Cost (NRS) Including VAT & PS | Bid Security Amount (NRS) | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | CRM-01/SQ/082/083 | Construction of Guru Sambhab Foundation Park. | 1000.00 | 1924663.10 | 47000.00 | |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Chame Rural Municipality, Office of the Rural Municipal Executive, Chame Manang Tel: 066-440170, fax: 066-440262, Email:chamegaupalika@gmail.com
**Name of the Bank:** Nepal Bank Ltd. Chame, Manang Nepal
**Name of the Office:** Chame Rural Municipality, Chame Manang
**Office Code no:** 801044001 **Office Account no:** Ga1.1(12803000001001000001)
**Retention Account no:** 12803000003000000001 ***(for bid security)***
**Rajaswa (Revenue) Shrishak No:** 14229
3. Sealed bids must be submitted to the office Chame Rural Municipality, Office of the Rural Municipal Executive chame Manang through ***www.bolpatra.gov.np/egp on or before..04-12-2025 12:00 hours.***.Bids received after this deadline will be rejected.
4. The bids will be opened in the presence of Bidders representatives who choose to attend at 04-12-2025 14:00 hours of Chame Rural Municipality Office of the Rural Municipal Executive, Chame Manang. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by the bid security amounting of NRs. 47000.00 which shall be valid for 30 days beyond the validity period of the bid i.e 75 days.
5. If the last date of purchasing and/ or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

***Note: (As mentioned in clause 49ka of PPR 2074 clause 49ka add more relevant information as per required)***

**Chief Administrative Officer**



**नेपाल सरकार**
**स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**
**डडेल्धुरा अस्पताल, डडेल्धुरा**

**विद्युतिय बोलपत्र आह्वानको सूचना**

**(पहिलो पटक सूचना प्रकाशन मिति : २०८२/०८/०३)**

चालु आ.व.२०८२/८३ मा यस डडेल्धुरा अस्पताल, डडेल्धुराले **Washing Machine & Dryer** खरिद गर्नुपर्ने भएकोले, नेपाल सरकारबाट ईजाजत प्राप्त सम्बन्धित सप्लायर्सहरूले **E-Bid** गर्नका लागि यो सूचना प्रकाशन गरिएको छ। सूचनाको बिस्तृत विवरण तथा शर्तहरू www.bolpatra.gov.np/egp मा हेर्न सकिनेछ।

**प्रमुख मेडिकल सुपरिटेन्डेन्ट**



**उदयपुरगढी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**उदयपुरगढी, उदयपुर**
**कोशी प्रदेश, नेपाल**

**आर्थिक प्रस्तावको लागि सफल भएको बारे सूचना**

**प्रकाशित मितिः २०८२।०८।०३ गते**

यस कार्यालयद्वारा राष्ट्रिय दैनिक पत्रिकामा मिति २०८२-०६-१० गते बोलपत्र आव्हान सम्बन्धी प्रकाशित सूचना बमोजिम तोकिएको अवधि भित्र रीतपूर्वक दर्ता हुन आएका बोलपत्रदाताहरूको प्राविधिक प्रस्ताव खोली मूल्याङ्कन समितिद्वारा मूल्याङ्कन पश्चात तपसिल बमोजिमका बोलपत्रदाताहरूको प्राविधिक प्रस्ताव सारभूत रूपमा प्रभावग्राही भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ३१(ङ) को उपनियम ५ अनुसार आर्थिक प्रस्ताव यहि मिति २०८२-०८-१७ गते बुधवार दिनको १:०० बजे यस कार्यालयमा खोलिने भएकोले सम्बन्धित सबै बोलपत्रदाताहरू तथा सरोकारवालाहरूको उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र.स. | विवरण | बोलपत्रदाताको नाम र ठेगाना |
|---|---|---|
| 1. | URM/NCB/Works/03-2082/83, Construction and Upgrading of Nepaltar-Udayapurgadhi Durbar Sadak Blacktop (Chainage 2+000 to 6+000 km) | 1. M/S PABITRA NIRMAN SEWA, TRIYUGA NA.PA-11,UDAYAPUR<br>2. M/S BHANUMATI-D.R. JV, TRIYUGA NA.PA-12, UDAYAPUR<br>3. OMKAR-DC JV, BANESHWOR-10, KATHMANDU<br>4. M/S KOSHI-DURBASA JV, KUNPANDOL-10, LALITPUR<br>5. M/S KABIR-GALNA INFRATECH JV, NEW BANESHWOR-31, KATHMANDU<br>6. M/S OM-PRACHIT-NABITA AND LOPCHAN JV, UDAYAPUR<br>7. M/S ADHIKARI COSNTRUCTION AND SUPPLIERS PVT. LTD, HATPATE-6, SINDHULI |

**भक्त बहादुर राई**
**प्रमुख प्रशासकीय अधिकृत**



**कतारमा रोजगार** कम्पनी : **QUEEN AIR CONDITION REFRIGERATION AND TRADING**

पूर्व स्वीकृति मिति : २०८२/०८/०२ | LT. No. 333555 | चलानी नं. ६०२४७५३८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | REFRIGERATOR ASSEMBLER | 3 | 0 | 1100 | ४२,७५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ मंसिर १० गते (26th Nov. 2025) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

INSPIRE INTERNATIONAL EMPLOYME NT PVT.LTD.
Airport, Shambhu Marg-4, Kathmandu,Nepal Phone: (+977) 4112800, Email: inspireintemp@gmail.com

**साउदीमा रोजगार** कम्पनी : **GULF BRIGHTNESS GENERAL CONTRACTING EST**

पूर्व स्वीकृति मिति : २०८२/०५/२३ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०८/०२ | LT. No. 330859 | चलानी नं. ६०२४४६४७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Helper | 1 | 0 | 1000 | ३७,८१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Kitchen Helper | 14 | 0 | 1000 | ३७,८१० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ मंसिर १० गते (26th Nov. 2025) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।


Nasser Outsourcing Consultants Pvt. Ltd.
श्रम ईजाजत नं. ६१९/०६३/०६४
Ratopool-9, Kathmandu, Nepal, Tel: +977-1-4465090 (6 Line), Email: nocnepal@nassers.org

**कतारमा रोजगार** कम्पनी : **RAHATEK HOSPITALITY & SERVICES**

पूर्व स्वीकृति मिति : २०८२/०८/०२ | LT. No. 333841 | चलानी नं. ६०२४७५४०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waitress | 0 | 14 | 1400 | ५४,४१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ मंसिर १० गते (26th Nov. 2025) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।


NEPAL GATE WAY OVERSEAS PVT.LTD. Govt. License 759/064/065
Kalanki 14, Kathmandu, Nepal, Tel.- +977- 01-5219205, 5219584, Fax: 4361050

**कुवेतमा रोजगार** कम्पनी : **GREEN COMMUNITY RESTAURANT COMPANY**

पूर्व स्वीकृति मिति : २०८२/०५/०५ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०८/०२ | LT. No. 328972 | चलानी नं.६०२४३७३०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | barista / cashier | 10 | 10 | 150 | ६८,३२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ मंसिर १० गते (26th Nov. 2025) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।


Omega International Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075

प्रभाव दैनिक
National Daily

सम्पादकीय

## उल्टो बाटोमा एमाले

नेकपा एमालेले प्रतिनिधिसभा पुनर्स्थापनाको मुद्दालाई लिएर सर्वोच्च जाने निर्णय गरेको छ । यतिमात्र हैन एमाले अध्यक्ष केपी शर्मा ओलीले यो मुद्दालाई लिएर सडक संघर्षसमेत चर्काउने घोषणा गरे । पटक–पटक सरकारको नेतृत्व गरेर जनतालाई निराशाबाहेक केही ‘डेलिभर’ गर्न नसकेको परिणाम अहिले एमालेले भोगिरहेकै छ । सत्तामा बसेर जनतालाई होच्याउने, हुनै नसक्ने सपना बाँड्ने त्यसबारे प्रश्न गर्दा धारेहात लगाउने ओली आफैंले पटक–पटक प्रतिनिधिसभा विघटन गरेका थिए ।

मंगलबार ओलीको प्रस्तुति हेर्दा लाग्थ्यो– मैले गर्दा त प्रतिनिधिसभा विघटन भएन अरुले गर्दा कसरी हुन्छ ? यसले सर्वोच्च अदालतले पुनर्स्थापना गर्नैपर्छ भनेर ‘मेरो गोरुको बाह्रै टक्क’ शैलीमा ओली लागेको देखिन्छ । व्यवस्था भताभुंग गर्न सिपालु ओली जहिले पनि विकास र व्यवस्थामा ‘भिलेन’का रूपमा आफ्नो उपस्थिति बढाउँछन् । आफू अनुकूल नभए भताभुंग गरिहाल्ने । यसअघि नेकपाको शक्तिशाली सरकार हुँदा ओलीले आफूले सोचेजस्तो शक्ति प्रयोग गर्न नपाएपछि प्रतिनिधिसभा विघटन गरेका थिए । त्यतिबेला जनचाहना प्रतिनिधिसभा भंगको थिएन ।

यसपटक जनताको आक्रोशकै कारण विद्रोह भयो । उक्त विद्रोह साम्य पार्न नसकेर सेनाको हेलिकप्टरमा भागेका ओली अहिले भने ठूला र चर्का स्वर गर्दै सरकारलाई हेयको दृष्टि लगाउँदै छ । संविधान व्याख्यामा कुनै कुटिल अधिवक्तालाई नै जित्नेगरी ओलीले गरेको रटान खासै चित्तबुझ्दो सुनिँदैन । तर लोकतान्त्रिक देशमा ओलीलाई बोल्न छुट छ नै । सर्वोच्चले यो रिटमा केही गर्दैन भन्ने लागेर होला, ओलीले सडक संघर्ष गरेर अदालत प्रभावित पार्ने योजनासमेत सुनाएका छन् ।

जनताले अहिलेको व्यवस्थामाथि आक्रोशमात्र पोखेका हैनन्, दलको नेतृत्वबाट पुराना अनुहारको पनि बिदाइ चाहेका छन् । यस्तो बेला एमालेले महाधिवेशनसमेत घोषणा गरिसकेको छ । मंसिर २७ बाट सुरु हुने महाधिवेशनको तयारी नगरेर एमाले अब दैलोमा आएको निर्वाचन भाँड्ने शैलीमा उत्रेको छ ।

सुशीला कार्की नेतृत्वको सरकार आफ्नै मनपरिको उपज हो भन्ने जान्दाजान्दै ओलीले यसरी प्रतिनिधिसभा पुनर्स्थापनाका लागि सडक संघर्ष र सर्वोच्च जान्छु भन्नु उल्टो बाटोमा लाग्नु शिवाय केही हैन । निर्वाचन पूरा गराउने अभिभारा पाएको कार्की नेतृत्वको सरकारले आफ्नो जिम्मेवारी पूरा गर्न दत्तचित्त भएर लागिसकेको छ । गुडिसकेको रेललाई रोक्ने प्रयास एमालेले नगरेकै राम्रो । ताजा जनादेश लिन एमालेले निर्वाचनको तयारी गरोस् । अल्छी पारा देखाएर फेरि पुरानै तलबभत्ता पकाउने आशामा निवर्तमान सांसदहरू नलागेकै राम्रो ।

**श्रम सरोकार**

## वैदेशिक रोजगारीमा जाने श्रमिकका लागि आवश्यक जानकारी

- वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति लिएरमात्र जानुपर्दछ ।
- सरकारले खुला गरेका मुलुकहरूबाहेक वैदेशिक रोजगारका लागि जान नहुने देशहरू विभागको वेबसाइटमा हेर्न सकिन्छ ।
- १८ वर्ष उमेर पूरा नभई वैदेशिक रोजगारमा जान पाइँदैन । खाडी मुलुकमा जान महिला घरेलु कमदारको हकमा २४ वर्ष उमेर पूरा भएको हुनुपर्दछ ।
- श्रम स्वीकृति लिएर व्यक्तिगतरूपमा पनि वैदेशिक रोजगारमा जान सकिन्छ ।
- वैदेशिक रोजगारमा जानुअघि कम्तीमा १० लाख रूपैयाँ बराबरको बिमा गराउनुपर्दछ ।
- सरकारबाट स्वीकृति प्राप्त स्वास्थ्य संस्थामा स्वास्थ्य जाँच गराएर मात्र जानुपर्दछ ।
- वैदेशिक रोजगारमा प्रस्थान गर्नुअघि पूर्वप्रस्थान अभिमुखीकरण तालिम अनिवार्य लिनुपर्दछ । महिला कामदारले अभिमुखीकरण तालिमका लागि तिरेको रकम वैदेशिक रोजगार बोर्डबाट सोधभर्ना पाइन्छ ।
- वैदेशिक रोजगारमा जान रोजगारदाता र पठाउने कम्पनीसँग करार गर्नुपर्दछ ।
- श्रम स्वीकृतिका लागि करार अवधि तीन वर्षसम्मको भएमा एक हजार ५०० रूपैयाँ र तीन वर्षभन्दा बढीको भएमा दुई हजार ५०० रूपैयाँ कल्याणकारी कोषमा जम्मा गर्नुपर्दछ ।
- विभागले तोकेबमोजिम सीपको तालिम लिई सोको प्रमाणपत्र पेस गर्नुपर्दछ ।
- वैदेशिक रोजगारमा जाँदा स्वदेशी विमानस्थलको प्रयोग गर्नुपर्दछ ।
- म्यानपावर कम्पनीलाई तिरेको पैसाको रसिद लिनुपर्दछ ।
- सम्झौताबमोजिम रोजगार उपलब्ध नगराएमा कामदार वा निजको आफन्तले विभागसमक्ष क्षतिपूर्तिका लागि उजुरी दिन सक्ने छ ।
- कामदारले आर्जन गरेको रकम बैंक वा इजाजत प्राप्त बैंकिङ सेवा प्रदान गर्ने संस्थामार्फत स्वदेश पठाउनुपर्छ ।
- करारबमोजिम सुविधा नपाई कामदार अलपत्र परी स्वदेश फर्काउन परेमा म्यानपावरले नै स्वदेश फर्काउनुपर्ने छ ।
- कामदारले भिसाको म्याद, करार अवधि र श्रम स्वीकृतिको म्याद सकिएपछि स्वदेश फर्कनुपर्दछ ।

# ‘प्रधानमन्त्रीले प्रमुख दलहरूका नेतृत्वसँग संवाद नगरेसम्म चुनाव हुँदैन’



आगामी फागुन २१ का लागि तोकिएको प्रतिनिधिसभा निर्वाचनको तीव्र तयारीमा सरकार लागेको छ । चुनावको मिति नजिकिँदै जाँदा मुलुक विस्तारै चुनावमय हुँदै गएको छ । तर, नेकपा एमालेले उक्त चुनाव हुनै नसक्ने दाबी गरिरहेको छ । केही जेन-जी तथा अन्य विभिन्न समूहले पनि चुनावको विरुद्धमा अभिव्यक्तिहरू सार्वजनिक गरिरहेका छन् । यस्तो अवस्थामा चुनाव हुन्छ कि हुँदैन ? यदि चुनाव भयो भने जेन-जी समर्थित दलहरू शक्तिमा आउँछन्/आउँदैनन् ? सँगै गत २०७९ को चुनावमा देशको विभिन्न क्षेत्रबाट शक्ति आर्जन गरेर संसद्मा केही दलहरूको प्रतिनिधित्व भयो । आउने चुनावबाट चाहिँ जेन-जी समर्थित शक्तिहरू जनमत प्राप्त गरी संसद्मा आउने सम्भावना कस्तो छ ? अनि, जेन-जी विद्रोहपछि उथलपुथल राजनीतिक परिदृश्यमाझ हुन लागेको चुनावले मुलुकलाई सुशासनको लयमा बढाउन मार्गप्रशस्त गर्न सक्ला ? यिनै विषयहरूमा राजनीतिशास्त्री **डा. भेषराज घिमिरे**सँग *प्रभाव दैनिक*का लागि **जेबी योञ्जन**ले गरेको कुराकानी:

**डा. भेषराज घिमिरे**
**राजनीतिशास्त्री**

**फागुन २१ को प्रतिनिधिसभा निर्वाचन हुने अवस्था कतिको देख्नुहुन्छ ?**

अहिलेकै अवस्थाबाट मुलुक अगाडि बढ्यो भने सम्भावना कम देखिन्छ । मैले के भन्न खोजेको भने नेकपा एमाले देशको एउटा ठूलो पार्टी हो । उसको संगठन बलियो छ । उसले भनिरहेको छ कि चुनावी वातावरण बनेन । कैदीबन्दीहरू फरार छन् । त्यत्रो हतियारहरू बाहिर छन् । अनि कसरी चुनाव हुन सक्छ ? अर्को कुरा प्रधानमन्त्रीज्यू दोस्रो तहका केही नेताहरूलाई भेट्ने प्रयत्न गर्दै हुनुहुन्छ । केही एनजिओ/आइएनजिओद्वारा सञ्चालित मानवअधिकारकर्मीहरू र सचेत वर्ग भन्नेहरूलाई पनि भेट्दै हुनुहुन्छ । तर, देशका मूलधारका दलका मूल नेतृत्वसँग संवाद गर्न चाहिरहनुभएको छैन ।

**संवाद गर्न नचाहनुको कारण के हुन सक्छ ?**

त्यो कुरा त उहाँले नै प्रस्टसँग बताउन सक्नुहोला । त्यो उहाँको आफ्नो स्वभाव पनि हुन सक्छ । उहाँले मूल दलका नेतृत्वहरूसँग संवाद गरेर चुनावी वातावरण बनाउन नचाहेको हो वा के हो ? थाहा छैन । तर, दलहरूको मूल नेतासँग संवाद नगरी चुनाव हुन अप्ठ्यारो देखिन्छ ।

**यसअघि उहाँले भन्नुभएको थियो कि ‘म प्रमुख दलका प्रमुख नेताहरूको मुख पनि हेर्न चाहँदिन’ । कतै उहाँको त्यो अभिव्यक्ति यतिबेला भारी भएको हो ?**

पक्कै पनि । धेरैले त्यो अभिव्यक्ति नदिएको भए पनि हुन्थ्यो भनिरहेका छन् । त्यो अभिव्यक्तिको कारण उहाँ अप्ठ्यारोमा परेको पनि हुन सक्छ । तर, के हो भने कुनै पपुलिस्ट व्यक्तिले भाषण गर्दैमा लोकतन्त्र आउँदैन । लोकतन्त्रका लागि दलहरू तयार हुनुपर्छ । दलहरूसँग संवाद गरिनुपर्छ । सरकार र दलहरू मिलेरै चुनाव गर्ने हो । मलाई लाग्छ, चुनावी वातावरण बनाउन अझै सरकारको क्षमता नपुगेको हो कि ? दलहरू त चुनाव चाहिरहेका छन् । नेपाली कांग्रेसले चुनावमा जाने भनेको छ । एमालेले चुनावमा जाँदिनँ भनेको होइन, चुनावी वातावरण अझै भएन भनिरहेको छ । त्यसलाई सम्बोधन गर्नुपर्छ ।

**उसो भए प्रधानमन्त्री सुशीला कार्कीले मूल दलका मूल नेताहरूसँग संवाद गरेर चुनाव हुने विश्वास दिलाउनुपर्छ ?**

पक्कै । लोकतन्त्र भनेको के हो ? बहुलवाद वा बहुदल हो । बहुदलीय प्रतिस्पर्धा हो । यत्रो विधि संघर्ष गरेका दलहरूका कुनै व्यक्ति विशेषलाई आरोप लगाउँदै दलहरूसँग संवाद गर्दैन, संवाद गर्दैन भने त्यो अप्ठ्यारो परिस्थिति हो । प्रधानमन्त्रीले त्यसलाई तोड्नुपर्छ । प्रधानमन्त्रीले आफ्नो भनाइलाई तोड्दै मूलधारका मूल नेतृत्वहरूसँग संवाद गरेर चुनावका लागि विश्वासको वातावरण प्रत्याभूति गर्नुपर्छ । किनभने, जेन-जी परिवर्तनपछि ठूलो मात्रामा हतियारहरू लुटिएका छन् । अपराधीहरूको हातमा हतियारहरू गएका छन् । जेलबाट अपराधीहरू फरार भएका छन् । तिनीहरूको हातमा ति हतियारहरू परे भने प्रहरीलाई त शान्ति सुरक्षा गर्न हम्मेहम्मे पर्छ । राम्रोसँग चुनाव हुन सकेन भने अन्तर्राष्ट्रिय मान्यता हुँदैन । यहीँ नागरिकहरूले विद्रोह गर्छन् । त्यतिबेला मुलुक फेरि अर्को अप्ठ्यारो परिस्थितिमा रूपान्तरित हुन्छ । त्यो अवस्था नआओस् भनेर सायद ठूला दलहरूले हेरिरहेका छन् । प्रधानमन्त्रीले कहिले बोलाउनुहुन्छ भनेर अपेक्षा गरिरहेका छन् । त्यसो हुनाले प्रधानमन्त्रीबाटै त्यो पहल अगाडि बढाउनुपर्छ ।

**नेपाली कांग्रेस, नेपाली कम्युनिस्ट पार्टी, रास्वपा, राप्रपासँगै अन्य साना र नयाँ दलहरू चुनावको पक्षमा देखिए । एमाले देखिएन । एमालेविनाको चुनाव सम्भव हुँदैन र ?**

एमाले यो मुलुकको अझै पनि कमजोर शक्ति होइन । एमालेले जुन तर्क दिएको छ, सरकारले सम्बोधन गर्नु पर्दैन ? ठूलो मात्रामा हतियारहरू बाहिर छन् । प्रहरीका हतियारहरू लुटिएका छन् । त्यो कुराको निरूपण नभइकन शान्ति सुरक्षाको प्रत्याभूति कसरी हुन्छ ? कसरी निर्भयपूर्वक स्वच्छ निर्वाचन हुन सक्छ ? त्यसो हुँदा एमालेले गरेको आशंकालाई सकारात्मकरूपमै लिनुपर्छ र कुनै दलले चुनावमा भाग लिदैनौं भनेका आधारमा चुनाव नहुने होइन । तर, चुनाव निष्पक्ष र शान्तिपूर्णरूपमा सम्पन्न हुन सकेन भने मुलुकमा लोकतन्त्रमाथि फेरि अनिश्चितता निम्तिन्छ । त्यसकारण एमालेले उठाउँदै आएको विषय निर्मूल गर्नुपर्छ । सुशीला कार्की साँच्चै भन्ने हो भने जेन-जी समूहको व्यक्ति पनि होइन ।

**जेन–जी समर्थित प्रधानमन्त्री त हो त !**

समर्थित हुनुहुन्छ तर संविधानको स्पष्ट धाराअनुसार उहाँ प्रधानमन्त्री भएको होइन । तर, पनि उहाँ आन्दोलनपछि प्रधानमन्त्री हुनुभएको छ । मुलुकलाई सही ट्र्याकमा ल्याउने ठूलो जिम्मेवारी उहाँको काँधमा छ । उहाँलाई हामीले आशंका गरिरहेका छैनौं । उहाँको भूमिकालाई हामीले संशयले हेरिरहेका छैनौं । तर, गरेका प्रयत्नहरू त पारदर्शी हुनुपर्छ ।

**जेन–जी विद्रोहमा भएको दमन र विध्वंशको जाँचबुझ गर्न गौरीबहादुर कार्की नेतृत्वको आयोगले काम गरिरहेको छ । आयोगले भोलिका दिनमा प्रतिवेदन बुझाउँदा तत्कालीन प्रधानमन्त्रीसहितका राजनीतिक नेतृत्वहरूलाई कारबाही सिफारिस गर्‍यो भने चुनाव हुन्छ ?**

मलाई लाग्छ, आयोगले दुईवटा पाटोबाट हेर्दै छ । एउटा २३ गतेको जेन-जी विद्रोह र २४ गतेको विध्वंश । यदि विद्रोहलाई मात्र सम्बोधन गरेर विध्वंश हेरिएन भने आयोगको प्रतिवेदनले स्वीकार्यता प्राप्त गर्न कठिन हुन्छ । किनभने सबैलाई न्याय चाहिन्छ । सुरक्षाकर्मीलाई न्याय चाहिएको छ । ति अबोध जेन-जीहरूलाई न्याय चाहिएको छ । नागरिकलाई न्याय चाहिएको छ, उद्योगी व्यापारीलाई न्याय चाहिएको छ, जसको पुस्तौंपुस्ता कमाएको सम्पत्ति खरानी भएको छ । जसका निहत्था बालबालिकाहरू मारिए । राज्यको सम्प्रभुतासँग जोडिएका संस्थाहरू खरानी भएका छन् । न्याय राज्यलाई पनि चाहिएको छ । जेन-जीका अभिभावकहरूलाई र जेन-जी समूहलाई न्याय चाहिएको छ । त्यसकारण दुईवटा पाटालाई हेरेर गौरीबहादुर कार्कीको आयोगले निरूपण गर्ला । यदि, बायस भएर प्रतिवेदन आयो भने त्यतिबेला स्वीकार्यता नहुन सक्छ । आयोगले परिपक्व किसिमले जिम्मेवारपूर्वक टिओआरअनुसार काम गर्दै छ भन्ने अपेक्षा गरौं । जहाँसम्म चुनावको कुरा हो, चुनाव भनेको मत पेटिकामा मत खसाल्नुमात्र होइन, मत खसाल्न निर्भयताका साथ पाइन्छ कि पाइँदैन ? स्वतन्त्र किसिमले चुनावमा प्रचारप्रसार गर्न पाइन्छ कि पाइँदैन ? हेर्नुहोस् त फलानो फलानो पार्टीका नेताहरू चुनावमा उठे हामी काट्छौं भनेर खुलेआम भन्दै छन् । सरकारले तिनलाई के गरेको छ ? त्यसरी चुनाव हुन्छ । फलनाले चुनाव जिते हामी मान्दैनौं । यो अराजक कुरा हो । सरकारले यी कुराहरूलाई सम्बोधन गर्न ढिला गर्नु हुँदैन ।

- फलानो पार्टीका नेताहरु चुनावमा उठे हामी काट्छौ भनेर खुलेआम भन्दै छन्, सरकार मौन छ
- चुनाव निष्पक्ष र शान्तिपूर्णरुपमा सम्पन्न हुन सकेन भने मुलुकमा लोकतन्त्रमाथि फेरि अनिश्चितता निम्तिन्छ
- पहिचानवादीहरुको कोशी प्रदेशमा शक्ति बन्न सक्छ
- हर्कको सानो शक्ति बन्छ, कुलमानको उम्मेदवारमा भर पर्छ
- पारदर्शिताको प्रश्न गर्ने अहिलेको सरकारका प्रधानमन्त्री र मन्त्रीहरुको सम्पत्ति विवरण खोई ?
- सुशीला कार्की साँच्चै भन्ने हो भने जेन-जी समूहको व्यक्ति पनि होइन

**चुनाव हुँदा जेन–जी समर्थित शक्तिहरू सदनमा बहुमतका साथ आउन सक्ने सम्भावना देख्नुहुन्छ ?**

जेन-जी उमेर समूहको भावना सुशासनको हो । मुलुक कूशासनमा थियो । उहाँहरूले कूशासनलाई अन्त्य गरेर सुशासनमा लानका लागि यति धेरै बलिदान गर्नुभयो । उमेर समूहले देश चलाएर चल्छ भन्ने कुरामा विश्वास गर्दैन । मलेसियामा ९० प्लसका शासकहरू जेन-जीको सोचका शासकहरू छन् । सिंगापुरमा छन् । अमेरिकामा डोनाल्ड ट्रम्प छन् भने नेपालमा उमेर समूहको हिसाब होइन । जेन-जी स्पिरिटअनुसारका पात्रहरू चुनावबाट आउनुहुन्छ । पार्टीहरू पुनःसंरचित हुँदै छन् । कांग्रेस, एमाले, नेकपालगायत दलहरूमा युवा सोचहरू उद्धेलित भइरहेका छन् । पुराना नेतृत्वहरू परिवर्तनलाई आत्मसात् गरिरहेका छन् । एउटा ग्यारेण्टी अबको निर्वाचनपछि सत्तामा नयाँ सोचको मानक स्थापित हुन्छ, जेन-जी विद्रोहपूर्व र पश्चात् भनेर विश्वविद्यालयहरूमा पढाइ हुन्छ, पढाउनुपर्छ । पाठचक्रमहरूमा ती विषय समेटिनुपर्छ ।

**आगामी चुनावबाट अघिल्लो चुनावमा जसरी देशको निश्चित भू–खण्डबाट कुनै शक्तिहरूको उदय हुने देखिन्छ ?**

पहिचानवादीहरूको कोशी प्रदेशमा शक्ति बन्न सक्छ, जहाँ प्रदेश नाममा विवाद छ । पहिचानवादीहरूको एउटा हिस्साले सत्तामा बलियो स्थान प्राप्त गर्छ कि भन्नेजस्तो लाग्छ । पहिचानवादीहरूले हक अधिकार खोज्नुभएको छ । उहाँहरू बलियो रूपमा आउनुभयो भने केही अधिकार पाइहाल्नुहुन्छ । त्यो त राज्य बलियो हुने कुरा हो । यो देशमा ‘स्टेट बिल्डिङ’ होइन ‘नेसन बिल्डिङ’को अपेक्षा गरिरहेका छौं । राष्ट्र निर्माण भनेको त्यही त हो । सबै जात धर्म भाषाभाषीलाई समान, समुचित र न्यायचित व्यवहार त त्यही हो ।

**पहिचानपक्षधरहरूले एउटा शक्ति बनाए भने त्यो चाहिँ धरानका मेयर हर्क साम्पाङ नेतृत्वको श्रम संस्कृति पार्टी हुन सक्छ ?**

हो, तर हर्क साम्पाङजीको जुन क्रियाकलाप छ, हामीले मिडियाबाट एक/दुई वटा सुझाव दिइरहेका छौं । उहाँले अलिकति अराजक नबोलिकन अगाडि बढ्नुभयो भने उहाँजस्ता मान्छेहरूको खाँचो छ । त्यस्तो श्रम संस्कृति विकास गर्ने समूहको खाँचो छ यो मुलुकमा । देश यहीँको ढुंगा माटोले बन्न सक्छ । यहाँकै हरियालीको माध्यमबाट बन्न सक्छ । पर्यटन क्षेत्रबाट बन्न सक्छ । हामीले त्यसमा विश्वास गर्छौं । हर्कजी पनि त्यही विश्वास गर्नुहुन्छ । देश विश्व बैंक, आइएमएफ, एनजिओ/आइएनजिओहरूले भन्दा यहीँका नागरिकले चलाएका व्यवहारहरूले अझ सशक्त बन्छ । हर्कजीको व्यवहार त्यो दिशामा छ । हर्कजीको पार्टी सानो हुन्छ, ठूलो भनौं । चुनावमा उम्मेदवारी दर्ता भएको छैन । कस्ता व्यक्तिहरूले टिकट पाउँछन् ? लोकप्रिय मान्छेहरूलाई टिकट दिन सके बलियो पार्टीको रूपमा स्थापित हुन सक्छ ।

**कुलमान घिसिङ जो अहिले ऊर्जामन्त्री हुनुहुन्छ, उहाँ समर्थित दल उज्यालो नेपाल पार्टी पनि चुनावमा जाँदै छ, यो दल पनि शक्तिमा आउला ?**

उहाँको दलले शक्ति ग्रहण गर्न सक्छ/सक्दैन, मलाई त्यति थाहा छैन, जसरी हर्कजीको बारेमा थाहा छ । हर्कजीले मिहेनत सामाजिक सञ्जालबाट मानिसहरू थाहा पाएका छन्, रुचाएका छन् । उहाँलाई चिन्नुभएको छ । अब कुलमानजी विद्युत् प्राधिकरणमा कार्यकारी निर्देशक भएर चिन्नुभएको हो । अहिले ऊर्जामन्त्री हुनुहुन्छ । भोलि कसरी पर्फमेन्स गर्नुहुन्छ भन्ने कुरा त्यो पार्टीको टिकट वितरणको पारदर्शिता हेर्नुपर्ने हुन्छ । पार्टीमा आकर्षण गर्ने के-के कुराहरू छन् ? चुनावी घोषणापत्र नहेरिकन हामी कसैको अनुहार हेरेर वा ‘फेस रिड’ गरेर भन्न सक्दैनौं । ‘फेस रिड’ गरेर हेर्ने हो भए बिहारमा प्रशान्त किशोरले राम्रो मत ल्याउने अवस्था थियो । उनी एक सक्षम व्यक्ति थिए । बिहारलाई अगाडि बढाउन काबिल व्यक्ति हुन् । तर, उनको पार्टी सबै ठाउँमा हार्‍यो । त्यसो हुनाले फेसलेमात्र, पपुलिज्मले मात्र राजनीतिमा काम लाग्दैन । राजनीतिमा दल नै चाहिन्छ । फेरि भन्छु- दल नै चाहिन्छ । दलीय अनुशासन चाहिन्छ, जुन भएन भने लोकप्रियताले मात्र व्यक्तिले चुनाव जित्दैन ।

**अन्तिममा, जेन–जी विद्रोहपछि गठित नागरिक सरकारलाई प्राप्त मूल म्याण्डेट भनेको चुनाव हो । त्यसपछि भ्रष्टाचार नियन्त्रण र सुशासन हो । त्यस मामिला सरकारले लक्षण राम्रै देखाउँदै छ ?**

देखाउँदै छ । अब सरकारले सीधै यो फाइल खोल, यो फाइल नखोल भन्ने हुँदैन । सरकारका संवैधानिक संस्थाहरू छन् । तिनीहरूलाई हस्तक्षेप नगरी तटस्थ रहेर काम गर्न दिए ती संस्थाहरू चलायमान हुन्छन् । यहाँ त राजनीतिक प्रभाव र दबाबका कारणले ती संस्थाहरू कमजोर देखिएका हुन् । सरकारले दबाब दिनै पर्दैन । ती संस्थाहरू त्यसैका लागि काम गर्दै छन्, गर्नुपर्छ । सरकारले त वातावरण सिर्जना गर्ने हो ।

अर्को कुरा स्वतन्त्र र निष्पक्ष निर्वाचन गरायो भने अब आउने सरकारले नै सुशासनका लागि सबै कुराहरू खोल्छ । यो सरकारले चुनावको वातावरण निर्माण गर्न बढी ध्यान दिँदा राम्रो हुन्छ । सुशासन त सबैलाई चाहिएको छ । कम्तीमा यो सरकारले हिजोका भ्रष्टाचारका फाइलहरू खोल्न नसके पनि आफूलेचाहिँ नगरोस् ।

तर, खोइ त अहिलेसम्म प्रधानमन्त्री र मन्त्रीहरूको सम्पत्ति विवरण ? सार्वजनिक भएन नि ! पारदर्शिता हुनु त सबै पर्छ होला नि ! अघिल्ला सरकारका प्रधानमन्त्री र मन्त्रीहरूको सम्पत्ति विवरण नआउँदा सम्पत्ति विवरण आउनु पर्दैन ? भन्ने उहाँहरू जवाफदेही हुनु पर्दैन ?

# बृन्दावन नगरपालिकाको प्रशासनिक भवन निर्माण सुरु



■ प्रभाव संवाददाता

**रौतहट–** बृन्दावन नगरपालिकाको प्रशासनिक भवन लिफ्टसहितको अत्याधुनिक बन्ने भएको छ । प्रशासनिक भवन निर्माण कार्य मंगलबर औपचारिकरूपमा सुरु गरिएको छ । नगरप्रमुख विनोदप्रसाद कुर्मीले मंगलबार विशेष कार्यक्रमकाबीच शिलापूजा गरी निर्माण कार्य शुभारम्भ गरेका हुन् ।

नगरपालिकाका अनुसार छ करोड ४६ लाख ५५ हजार रूपैयाँ लागतमा चार तल्ले आधुनिक प्रशासनिक भवन निर्माण हुने छ । भवनमा अत्याधुनिक प्रविधियुक्त संरचना, बैठक हल तथा लिफ्ट सुविधासहित आधुनिक नगरीय प्रशासनिक आवश्यकताहरू पूरा हुने नगरप्रमुख कुर्मीले बताए ।

स्थानीय तह चुनावमा नगरपालिकालाई भाडामा निर्भर राख्ने अवस्था अन्त्य गरी आफ्नै स्थायी प्रशासनिक भवन निर्माण गर्ने एजेण्डा उनले अघि सारेका थिए । निर्वाचित भएपछि उनले उक्त प्रतिबद्धतालाई कार्यान्वयनमा ल्याउने लक्ष्यसहित प्रशासनिक भवन निर्माणका लागि प्रक्रिया अघि बढाएका थिए । गत २०८० साल असार ११ गते शिलान्यास गरिए पनि विभिन्न पूर्वतयारी तथा प्राविधिक प्रक्रियाका कारण निर्माण कार्य केही ढिला भएको नगरप्रमुख कुर्मीको भनाइ छ ।

नगरपालिकाको जग्गा खाली गर्ने, डिजाइन स्वीकृति, निर्माण अनुमति तथा आवश्यक प्राविधिक जाँच परीक्षण पूरा भएपछि मात्रै आजबाट निर्माण कार्य थालिएको उनले बताए । प्रशासनिक भवन निर्माण कार्य काठमाडौंस्थित जेबी कन्स्ट्रक्सन प्रालिलाई ठेक्का दिइएको छ । नगरपालिकाले बारम्बार ताकेता गर्दै काम निर्धारित समयमै थाल्न निर्देश दिएपछि अन्ततः निर्माणको सबै पूर्वाधार तयार भएर शिलापूजासहित कार्य सुरु भएको नगरप्रमुख कुर्मीले बताए । 'जनताको विश्वास र मतको कदर गर्दै मेरो प्रमुख प्रतिबद्धता यही प्रशासनिक भवन थियो । अब यो भवन चाँडै निर्माण सम्पन्न गरी यिनै कक्षहरूबाट जनताका लागि सेवा प्रवाह गर्ने छौं,' उनले भने ।

निर्माण कार्य औपचारिक रूपमा सुरु भएसँगै स्थानीयवासी उत्साहित देखिएका छन् । प्रशासनिक भवन निर्माण सम्पन्न भएपछि अहिले विभिन्न भाडामा रहेका शाखा कार्यालयहरू एउटै भवनमा व्यवस्थापन हुने भएकाले सेवा प्रवाह छिटो, फाइल व्यवस्थापन सुव्यवस्थित, खर्च कटौती, नागरिकलाई एकैस्थानबाट सबै सेवा प्राप्त हुनेजस्ता सुविधाहरू उपलब्ध हुने नगरपालिकाले जानकारी दिएको छ ।

# बागमती प्रदेश सरकारले रोजगारीका लागि निर्ब्याजी ऋण उपलब्ध गराउने

**रसुवा (प्रस)–** बागमती प्रदेश सरकारले ग्रामीण क्षेत्रका नागरिकलाई रोजगारी दिलाउन निर्ब्याजी ऋण उपलब्ध गराउने भएको छ । जिल्ला समन्वय समिति रसुवाले सोमबार आयोजना गरेको १०औं जिल्ला सभालाई सम्बोधन गर्दै बागमती प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री प्रभात तामाङले एक घर दुई भैंसी खरिदका लागि सरकारले निर्ब्याजी ऋण रकम उपलब्ध गराउने बताए । उनले सो कार्यक्रममा युवाहरू सहभागी भइदिन आग्रह गरे ।

दूध डेरी खोल्न, दाना र मलखादको व्यवस्थापन गर्नसमेत प्रदेश सरकार सहयोग गर्न तयार रहेको उनले बताए । जिल्ला समन्वय समिति प्रमुख अशोककुमार घिमिरेको सभापतित्वमा सम्पन्न सभामा जिल्लाका सरकारी कार्यालयको वार्षिक कामको प्रगति प्रस्तुत गरिएको थियो । सहभागीले राष्ट्रिय गौरवको आयोजनाअन्तर्गत पर्ने गल्छी-त्रिशूली-मैलुङ-स्याफ्रुबेंसी-रसुवागढी सडक सुधार आयोजनाको कार्यप्रगति प्रस्तुत नगरेकामा आलोचना गरेका थिए ।

प्रमुख जिल्ला अधिकारी राजेश पन्थीले जिल्लामा बाढीपहिरोजस्ता विपद्का घटना भइरहने र त्यस्ता विपद्को समस्या समाधानका लागि विपद् व्यवस्थापन समितिको बैठक बोलाउँदा सदरमुकामबाहिर कार्यालय रहेका कार्यालय प्रमुखहरूले बेवास्ता गर्ने गरेको बताए । जिल्ला समन्वय समिति नुवाकोटका प्रमुख रजिन्द्रविक्रम सिंह ठकुरीले रसुवा र नुवाकोटको विकासमा हातेमालो गरी जनहितका काम अगाडि बढ्नुपर्नेमा जोड दिए । नेपाली कांग्रेसका जिल्ला सभापति पेम्वाछिरिङ तामाङले चिलिमे जलविद्युत्ले जिल्लालाई प्रदान गर्ने रोयल्टी रकमबाट कुनै प्रतिफल नपाएकाले सो रकम खोजी गरी प्रभावित बासिन्दामाझ ल्याउन पर्यटन प्रवर्द्धन अगाडि बढाउन आग्रह गरे ।

जिल्लामा राम्रो काम गर्ने १० व्यक्ति/संस्थालाई जिल्ला सभाले सम्मानसमेत गरेको छ । सम्मानित हुनेमा नौकुण्ड गाउँपालिका उपाध्यक्ष चन्द्रबहादुर घलान, उत्तरगया गापाका अधिकृतस्तर छैटौं तहमा कार्यरत रामकृष्ण न्यौपाने, नौकुण्ड गापा-४ का सचिव पूर्णबहादुर भुलुन, आमाछोदिंमो गापा-३ का वडासचिव छोवाङदोर्जे तामाङ, श्रेणीविहीन पदमा कार्यरत जिल्ला समन्वय समितिका जयराम देवकोटा, गोसाइँकुण्ड गाउँपालिकाका नुर्पु घले रहेका छन् ।


सुदूरपश्चिम प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

**सहकारी रजिष्ट्रार तथा प्रशिक्षण कार्यालय**

धनगढी, कैलाली

**सूचना**

प्रकाशित मिति : २०८२/०८/०३

यस कार्यालयको आ.व.०८२/०८३ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार सहकारी संस्थाहरुले कृषि/पशुजन्य उत्पादन/प्रशोधन/बजारीकरण तथा प्रर्बद्धनका लागि तपसिलका कार्यक्रम सञ्चालन गर्नुपर्ने भएकोले इच्छुक कृषि तथा पशुपन्छी व्यवसायमा संलग्न कृषि र बहुउदेश्यीय सहकारी संस्थाहरुले मिति २०८२/०९/०३ गतेसम्म कार्यालय समयभित्र सहकारी संस्थाहरुलाई अनुदान प्रदान गर्ने कार्यविधी, २०७६ को दफा ३ को उपदफा ३ को खण्ड (ग) र (च) बमोजिम कार्यक्रमलाई उच्च प्राथमिकता दिई अनुसूची-१ र अनुसूची-३ बमोजिम प्रस्ताव तयार गरी यस कार्यालयको कोड न.३१२००७७०२७ मा रु.१०००।- (एक हजार) मात्र राजस्व शीर्षक न. १४२२९, राष्ट्रिय वाणिज्य बैंक लिमिटेड राजस्व खाता न.१०००१००२०००१०००० मा जम्मा गरेको सक्कल भौचर सहित यस कार्यालयमा उल्लेखित कागजातहरु सहित सिलबन्दी दरखास्त आवेदन पेश गर्नु हुन जानकारी गरिन्छ ।

**कार्यक्रमहरु**

| क.स. | कार्यक्रमको नाम | आवश्यक कागजातहरु | आबेदन पेस गर्नुपर्ने कार्यालय |
|---|---|---|---|
| १ | सहकारी संस्थाहरुको साझेदारीमा प्रशोधन तथा बजारीकरण सहयोग कार्यक्रम | • संस्था दर्ता र करचुक्ता प्रमाणपत्रको प्रतिलिपी<br>• गत तीन बर्षको लेखापरीक्षणको प्रतिबेदन<br>• सञ्चालक समितिको निर्णय<br>• बिगत तिन बर्ष देखि नेपाल सरकार/प्रदेश सरकार/स्थानिय सरकारबाट कुनै अनुदान नलिएको स्व-घोषणापत्र<br>• बिगतमा अनुदान लिएकोमा बेरुजु नरहेको स्व-घोषणापत्र<br>• सहकारी संस्थालाई अनुदान प्रदान गर्ने कार्यविधि २०७६ बमोजिमको ब्यबसाय सञ्चालनको प्रस्ताव र लागत साझेदारी | सहकारी रजिष्ट्रार तथा प्रशिक्षण कार्यालय, धनगढी, कैलाली |

सहकारी संस्थाहरुलाई अनुदान प्रदान गर्ने कार्यविधि, २०७६ बमोजिम संस्थाले प्राप्त गर्ने अनुदान रकम खर्च गर्दा सार्वजनिक खरिद ऐन, २०६३ र सार्बजनिक खरिद नियमावली, २०६४ को प्रक्रिया पुरा गर्नु पर्नेछ ।

❖ थप जानकारीका लागि कार्यालयको फोन न.०९१-४१७३८४ वा यस कार्यालयका अधिकृत श्री विनोद राज पन्त को मोबाइल न.९८६५९०२३७१ मा सम्पर्क गर्नु हुन अनुरोध गरिन्छ ।

**(रजिष्ट्रार अधिकारी)**


# भक्तपुरमा थपिए १३ हजार ५७६ मतदाता

**भक्तपुर (प्रस)–** जिल्ला निर्वाचन कार्यालय भक्तपुरमा १३ हजार ५७६ मतदाता थपिएका छन् ।

निर्वाचन आयोगले गत असोज १० गतेदेखि १६ वर्ष पुगेका नेपाली नागरिकता प्राप्त व्यक्तिले मतदाता नामावलीमा नाम दर्ता गर्न आह्वान गरेपछि १८ वर्षदेखि २५ वर्ष उमेर समूहका दैनिक ७०० देखि एक हजार १०० जनासम्मले मतदाता नामावलीमा नाम दर्ता गराइरहेको जिल्ला निर्वाचन कार्यालयका सूचना अधिकारी भीमबहादुर बिसीले जानकारी दिए ।

उनले भक्तपुरमा यसपटक मतदाताको संख्या दुई लाख नाघेको जानकारी दिए । मतदाता नामावली संकलन हरेक दिन बिहान ८ बजेदखि सुरु भई साँझ ६ बजेसम्म जारी रहेको र सेवाग्राही बिहान ६ बजेदेखि नै लाइन बस्न आउने गरेको उनले बताए ।

आयोगले मतदाता नामावली संकलन यही महिनाको ५ गतेसम्मलाई कायम गरेको छ ।


**Gramthan Rural Municipality**

**Office of Rural Municipal Executive**

**Tetariya, Morang**

**Koshi Province, Nepal**

**Bid Addendum**

**Date of First Addendum: 2082/08/03**

1. GramthanRural Municipality, Office of the Rural municipal Executive, Tetariya, Morang invites electronic bids from Nepalese eligible bidders for the construction of work as stated in table below.
2. Bidders shall have the option of submitting their bids electronically only.
   Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: NIC ASIA BANK, Biratnagar, Pushpalal branch office
   Account Name (Gramthan Gaupalika GA -1.1 GRAMTHAN GAUPALIKA ANTARIK RAJASWA SEWA)
   Account no.: 0692050005836007
3. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egpon or before (26thNov 202511:00 AM). Bids received after this deadline will be rejected.
4. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 12:00 PM on (26thNov 2025) at the office of Gramthan Rural Municipality, Tetariya, Morang. Bids must be accompanied by a bid security cash despositor scanned copy of the bid security/cash deposit voucher in .pdf format, amounting to a minimum of specified in table below, which shall be valid for 30 days beyond the validity period of the bid.
   Information to deposit the Bid Security in Bank:
   Name of the Bank: NIC ASIA BANK, Biratnagar, Pushpalal branch office
   Account Name (GramthanGaupalika GA -3 DharautiKhata) Office Account no.: 6941000583652403
5. The GramthanRural Municipality, Tetariya, Morang reserves the right to accept or reject bids without assigning any reason, whatsoever.
6. Any Change or amended in bid or bidding document will be posted on our office notice board/website/egp website only.
7. For other information and enquiries contact us on our Telephone No.: 9852074744 or Email: ito.gramthanmun@gmail.com.\
8. GramthanRural Municipality, Office of the Rural municipal Executive, Tetariya, Morang will have right to accept or reject any bid based on Public Interest.

Bid Addendum Details :Bid Security due to Technical error in Notice was Rs 1, 00,000 which has been corrected to Rs 1, 50,000

| S. N. | Contract ID/ IFB No. | Description | Estimated Amount (with VAT/LSPS) | Bid Document Fee | Bid Security | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | G.R/NCB/WORKS/ 05-082-083 | Wada no 2 Bibhinna Sadak Kalopatre | 5999280.17 | 3000 | 1,50,000 | Bid Security Correction in Notice as 1,50,000 |



**कतारमा रोजगार** कम्पनी : AMIANTIT QATAR PIPES CO. LLC

पूर्व स्वीकृति मिति : २०८२/०८/०२ | LT. No. 333882 | चलानी नं. ६०२४७५५१

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: QR | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 18 | 0 | 1000 | ३८,८७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ मंसिर १० गते (26th Nov. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ०८५/०५३/०५४

INTERNATIONAL TRADE LINKS RECRUITMENT PVT. LTD.
(The Centre Overseas Pvt. Ltd.(THE CENTER OVERSEAS CONCERN PVT.LTD))
Basundhara, Ktm, Nepal, Tel : +977-1-4985474, 4985586, Fax: +977-1-4385806



**मलेसियामा रोजगार** कम्पनी : SYARIKAT KAWALAN SERI PADANG SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०२/१६ | पुन: विज्ञापन स्वीकृति मिति : २०८२/०८/०२ | LT. No. 324552 | चलानी नं. ६०२३८७३३

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: RM | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security | 36 | 0 | 1700 | ५७,८०८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ मंसिर १० गते (26th Nov. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

CHANDANI 1610/079/80

CHANDANI RECRUITMENT SERVICE CENTER PVT LTD
Bansidhara Marga, Chandol-4,Kathmandu,Nepal, Tel: +977-5914697, 5914698
Email : chandanirecruitment@gmail.com, Web: chandanirecruitment.com.np



**कतारमा रोजगार** कम्पनी : Maha Al Khaleej Restaurant and Juice Stall

पूर्व स्वीकृति मिति : २०८१/०८/२६ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०८/०२ | LT. No. 315319 | चलानी नं.६०२२९६११

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: QR | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Gen Clean Workers | 2 | 0 | 1000 | ३८,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Waiter | 3 | 0 | 1400 | ५४,४१५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ मंसिर १० गते (26th Nov. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १६६५/०८०/८१

ROSEBUD HUMAN RESOURCE PVT. LTD
Shambhu Marga, sinamangal-9, Kathmandu, Nepal , Tel.: +977-1-4597366
E-mail: info@rosebudhr.com , Web:www.rosebudhr.com



**बहराइनमा रोजगार** कम्पनी : CRUMBLES BAKERY

पूर्व स्वीकृति मिति : २०८२/०८/०२ | LT. No. 333870 | चलानी नं. ६०२४७५४२

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: BD | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 4 | 0 | 100 | ३७,६०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ मंसिर १० गते (26th Nov. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Sunlight Recruitment Service Pvt.Ltd.
Shantinagar, Kathmandu, Nepal Tel.01-4620777, E-mail: info@sunlightrecruitment.com.np,
sunlightrecruitmentservice@gmail.com, Website : www.sunlightrecruitment.com.np

रंगशाला

**एनपिएल-२०२५**

# चितवन राइनोज् र विराटनगर किंसको शानदार सुरुआत

■ प्रभाव संवाददाता



**काठमाडौं–** नेपाल प्रिमियर लिग (एनपिएल) दोस्रो संस्करणको दोस्रो दिनको खेलमा चितवन राइनोज र विराटनगर किङ्सले शानदार जितसहित प्रतियोगिता सुरु गरेका छन् ।

विराटनगर किङ्सले पोखरा एभेन्जर्सलाई ५३ रनले पराजित गर्‍यो । विराटनगरले दिएको २२१ रनको विशाल लक्ष्य पछ्याएको पोखरा १८ ओभर ५ बलमा १६७ रनमा अलआउट भयो । पोखराका लागि कप्तान कुशल भुर्तेलले सर्वाधिक ५९ रन बनाए । एडम रोस्सिंटनले ३९, अभिषेक तिवारीले ११ र ड्यान डाउवेर्थले २९ रन बनाउँदा अन्य ब्याटरले दोहोरो अङ्कमा रन बनाउन सकेनन् ।

बलिङमा विराटनगरका प्रतिश जिसी, शुभम रञ्जाने, मार्चन्ट डि लिङगे र कप्तान सन्दीप लामिछानेले दुई/दुई तथा बसिर अहमद र सूर्य तामाङले एक/एक विकेट ।

त्रिवि अन्तरराष्ट्रिय क्रिकेट रङ्गशाला, कीर्तिपुरमा टस हारेर पहिले ब्याटिङको निम्तो पाएको विराटनगरले ६ विकेटको क्षतिमा २२० रन बनायो । यो एनपिएल इतिहासकै उच्च स्कोर थियो ।

यसअघि गत संस्करणमा विराटनगरले नै लुम्बिनी लायन्सविरुद्ध १९३ रन बनाएको थियो । विराटनगरले यसपटक आफ्नै रेकर्डलाई तोड्यो । यसमा लोकेश बम र मार्टिन गुप्टिलले अर्धशतकीय पारी खेले । गुप्टिलले ३५ बलमा ३ चौका र ५ छक्काको मद्दतमा ६१ रन हिर्काए । लोकेश ४८ बलमा १ चौका र ७ छक्काको प्रहार गर्दै ७२ रनमा आउट भए।

गुप्टिल र लोकेशले दोस्रो विकेटका लागि १३२ रनको साझेदारीसमेत गरे । यस्तै, शुभम रन्जनेले १६ बलमा ३८, बसिर अहमदले १३ बलमा १ चौका र १ छक्काको मद्दतमा २३ रन जोडे । बलिङतर्फ पोखराका मार्ट टेलरले २, आकाश चन्द, सागर ढकाल र कुशल भुर्तेलले १-१ विकेट लिए ।




त्यस्तै पहिलो खेलमा रबि बोपाराको अर्धशतक मद्दतमा चितवन राइनोजले कर्णाली याक्सलाई चार विकेटले पराजित गर्दै विजयी सुरुवात गरेको हो ।

कीर्तिपुरस्थित त्रिवि अन्तरराष्ट्रिय क्रिकेट मैदानमा जारी खेलमा टस हारेर पहिला ब्याटिङको निम्तो पाएको कर्णालीले निर्धारित २० ओभरको खेलमा तीन विकेट गुमाउँदै १६६ रनको योगफल बनायो । एक सय ६७ रनको विजयी लक्ष्य चितवनले पाँच बल बााकी छँदै ६ विकेट गुमाउदै पूरा गर्‍यो ।

चितवनको जितमा बोपाराले सर्वाधिक ५२ रनको योगदान दिए । उनले ३६ बलमा तीन चौका र तीन छक्का प्रहार गरे । त्यस्तै दिपक बोहोराले ३६ बलमा ६ चौका र एक छक्काको सहयोगमा ४२ रन बनाए । सइफ जइबले १६ बलमा दुई चौका र चार छक्का हान्दै ३८ तथा कप्तान कुशल मल्ले १५ बलमा दुई छक्काको मद्दतमा २० रन बनाए ।

बलिङततर्फ कर्णाली याक्सका लागि कप्तान सोमपाल कामीले दुई तथा उनिस सिंह, मार्क वाट र युवराज खत्रीले एक एक विकेट लिए ।

त्यसअघि कर्णाली याक्सका लागि ओपनर प्रियांक पञ्चालले सर्वाधिक ९० रनको योगदान दिए । उनी शतक बनाउनबाट १० रनले चुके । पहिलोपटक एनपिएल खेलिरहेका पञ्चालले ४८ बलमा सात चौका र ६ छक्काको मद्दतमा सर्वाधिक ९० रन बनाएका हुन् । यस संस्करणमा अर्धशतक बनाउने उनी दोस्रो खेलाडी बनेका छन् ।

त्यसैगरी म्याक्स ओडाउडले ३० बलमा एक चौका हान्दै २० रन बनाए । मार्क वाटले २१ बलमा एक चौकाको मद्दतमा १६, पवन शर्राफले अविजित २७ तथा नाजिबुल्लाह जद्रानले अविजित चार रन बनाए ।

बलिङतर्फ चितवन राइनोजका सोहेल तानविर, सइफ जैब र रबि बोपराले एक एक विकेट लिए ।

बुधबार एनपीएलको एउटामात्र खेल हुँदैछ । बुधबार काठमाडौं गोर्खाज् र सुदुरपश्चिम रोयल्सले पहिलो खेल खेल्दैछन् । उक्त खेल ४:०० बजे हुनेछ ।

# गायक प्यासीलाई 'विशेष नागरिक अवार्ड-२०८२'

■ प्रभाव संवाददाता



**काठमाडौं–** सामाजिक रूपान्तरणका लागि नागरिक समाजको १९ औं वार्षिकोत्सव तथा पाँचौं विशेष नागरिक अवार्ड एवं श्रष्टा सम्मान २०८२ कार्यक्रम २९ कार्तिक चलचित्र विकास बोर्ड, चाबहिल, काठमाडौंमा प्रतिनिधि सभाका उपसभामुखमा. ईन्दिरा राना मगरको प्रमुख आतिथ्यतामा सम्पन्न भएको छ ।

उक्त कार्यक्रममा नेपाली संगीत वजारमा जादुमयी स्वर, संगीत र शब्दको कौशलता मार्फत श्रोताको मन मस्तिस्कमा बस्न सफल गायक भुवन प्यासी विशेष नागरिक अवार्ड -२०८२ पुरस्कृत भएका छन् ।

कार्यक्रमको उद्घाटन गर्दै प्रमुख अतिथि ईन्दिरा रानाले सामाजिक रूपान्तरणको क्षेत्रमा विगत १९ बर्षदेखि क्रियाशिल नागरिक समाजले समाजका सबै बिधाहरूलाई समेटेर उत्कृष्ठ व्यक्तित्वहरूलाई सम्मान तथा एवार्ड प्रदान गरि कार्यक्रम भव्य सम्पन्न गरेकोमा खुशी ब्यक्त गर्दै यस्ता कार्यक्रमहरू सरकारले गर्नुपर्नेमा नागरिक समाजले सम्पन्न गर्न सकेकोमा संस्थाको कार्यहरूको प्रशंसा गरेकी थिइन् । साथै रानाले अवार्ड विजेता र सम्मानित सवै बधाई दिएकी थिइन् ।

संस्थाका अध्यक्ष यामबहादुर जि.सीको सभापतित्वमा सम्पन्न कार्यक्रममा वरिष्ठ शिक्षाविद् प्रा.डा.चिरञ्जिवी शर्मा, मा. सोमनाथ पाण्डे, वरिष्ठ ब्यवसायी तथा समाजसेवी दिपक मलहोत्रा, वरिष्ठ चिकित्सक डा. सुभास घिमिरे, वीर अस्पतालका प्रमुख सल्लाहकार डा.बद्रि रिजाल, जन चेतना समाज परिवर्तन नेपालका अध्यक्ष मुना निरौला त्रिपाठी लगायतको उपस्थिति रहेको थियो ।

यसैगरी राष्ट्रव्यापी रूपमा आयोजना गरिएको पाँचौं विशेष नागरिक अवार्ड एवं श्रष्टा सम्मान २०८२ प्रतिष्पर्धात्मक प्रतियोगितामा निर्णायक सदस्यहरूमा-मनोरदिन सैयद, अभिनेत्री तथा प्रिज्मा टेलिभिजन सञ्चालक पनाह अधिकारी, चलचित्र लेखक/निर्देशक रुशिल अमात्य, सञ्चारकर्मी शंकर रोक्का, टेलिचलचित्र निर्देशक दिवाकर भण्डारी 'सापटी काका' निर्णायक सदस्य रहेका थिए ।

यसअघि पनि लोकप्रिय गायक भुवन प्यासीले राष्ट्रिय स्तरका बिभिन्न संघ संस्थाबाट अवार्ड, पुरस्कार र सम्मानहरू पनि हात पारिसकेका छन् । यसको अलावा विभिन्न प्रतिष्पर्धात्मक प्रतियोगिता कार्यक्रमहरूमा निर्णायकको भूमिका पनि निर्वाह गरिसकेका छन् । प्यासीले गाएका र संगीत रचना गरेका दर्जनौ गीतहरू बजारमा आईसकेका छन् ।

# 'परान' हेर्न हलमा पुगिन् हिमानी

**काठमाडौं (प्रस)–** पूर्व युवराज्ञी हिमानी शाहले तेस्रो सातामा प्रदर्शन भइरहेको नेपाली पारिवारीक फिल्म 'परान' हेरेकी छिन् । सोमबार राती ८ बजे दरबार सिनेप्लेक्समा 'परान' हेरेपछि प्रतिक्रिया दिँदै शाहले 'परान'मा नेपालको यथार्थ भेटिने बताइन् ।

प्रतिक्रिया दिनेक्रममा शाह भन्छिन्, 'अहिलेको अवस्थामा नेपालको यर्थाथ यहि हो । नेपालीहरू बिदेश पलायन भइराखेको अवस्था छ । परान हेर्नेहरूले नेपालको यथार्थ भेट्नुहुनेछ ।' शाह आफ्नो केहि आफन्तका साथमा हलमा पुगेकी थिइन् । परान तेस्रो सातामा पुग्दैगर्दा ११ करोड माथीको ग्रस कलेक्सन गरिसकेको छ । साथै हलमा दर्शकको संख्या अझै उच्च छ ।

दिपक प्रसाद आचार्य निर्देशीत 'परान'मा निर शाह, मदनकृष्ण श्रेष्ठ, पुजा चन्द, केकी अधिकारी, प्रविण खतिवडा, अन्जना बराइली, महेश त्रिपाठी, बुद्धि तामाङ लगायतको अभिनय रहेको छ । फिल्ममा रन्जित आचार्य र शेखर गोल्छा लगानी छ ।



**एएफसी एसियन कप छनोट**

# मलेसियासँग पनि हार्‍यो नेपाल

**काठमाडौं (प्रस)–** नेपाल एएफसी एसियन कप छनोटअन्तर्गत मलेसियासँगको दोस्रो लेगमा पनि पराजित भएको छ । मंगलबार सम्पन्न खेलमा नेपाल १-० ले पराजित भएको हो ।

योसँगै मलेसिया २०२७ मा साउदी अरबमा हुने एएफसी एसियन कपमा छनोटनजिक पुगेको छ । अपराजित रहेको मलेसियाले ५ खेलबाट १५ अंक पुर्‍याएको छ ।

पहिलो लेगमा मलेसियासँग नेपाल २-० ले पराजित भएको थियो । नेपालको भने यो लगातार पाँचौं हार हो। यसअघि नै टोली एसियन कप छनोटबाट बाहिरिसकेको छ ।

**एसिसी यू-१९ प्रिमियर कप**

# नेपाली टोलीको बिदाइ

■ प्रभाव संवाददाता

**काठमाडौं–** युएईमा यही मङ्सिर ५ गते (नोभेम्बर २१) देखि सुरु हुन लागेको एसिसी यु-१९ प्रिमियर कप क्रिकेट प्रतियोगितामा सहभागी हुने नेपाली यू-१९ राष्ट्रिय क्रिकेट टोलीको मंगलबार लबिदाइ गरिएको छ ।

नेपाल क्रिकेट संघ (क्यान)ले काठमाडौंमा आयोजित एक कार्यक्रममा अध्यक्ष चतुरबहादुर चन्दले खेलाडीहरूलाई राष्ट्रिय झण्डा प्रदान गर्दै बिदाइ गरे । उनले नेपाली खेलाडी कुनै पनि देशका खेलाडीभन्दा कमजोर नरहेको उल्लेख गर्दै प्रतियोगितामा उत्कृष्ट नतिजा आउने विश्वास प्रकट गरे ।

अध्यक्ष चन्दले नेपाली क्रिकेटको भविष्य यिनै उदाउँदा युवा प्रतिभाहरूकै काँधमा रहेकाले समर्थन र सहयोगका लागि क्यान सदैव तत्पर रहने प्रतिबद्धता व्यक्त गरे ।

नेपाली यु-१९ टोलीका कप्तान अशोक धामीले टोलीका सबै खेलाडीले लामो समयदेखि कडा परिश्रम, अनुशासन र समर्पणसहित प्रतियोगिताको तयारी गरेको बताउँदै एसिसी यु-१९ प्रिमियर कप जित्ने लक्ष्यसहित युएई प्रस्थान गर्न लागेको बताए ।

नेपाल क्रिकेट संघका अनुसार उक्त प्रतियोगितामा सहभागी हुनका लागि १४ जना खेलाडीको बिदाइ गरिएको हो ।


## Gajuri Rural Municipality

## Office of Rural Municipal Executive

**Gajuri, Dhading**

**Invitation for Online Bids**

**First Date of Publication: November 19, 10:00 am**

The Office of the Rural Municipal Executive, Gajuri Rural Municipality, Gajuri, Dhading, has budgeted a portion of its funds for the implementation of activities tied to the contract mentioned here.

| Contract ID | Name of Project | Estinmated Amount (including VAT & PS) | Bid Security (NRs) | Fee for Bid Documents (NRs) | Deadline |
|---|---|---|---|---|---|
| GRM/W/NCB/ 05/2082/083 | Infrastructure Development Works for Solid Waste Management Project in Gajuri Rural Municipality | 1,94,55,474.76 | 5,00,000/- | 3,000/- | December 19, 2025, 12:00 pm |

Account Details:Rastriya Banijjya Bank, Gajuri Branch

| Type | Account Name | Account Number | Office Code | Rajaswa (revenue) Shirshak no. |
|---|---|---|---|---|
| For Bid document | GA-1-1 STHANIYA TAHA AANTARIK RAJASWA | 1050100301010002 | 80330503300 | 14219 |
| For Bid Security | GA-2-3 STHANIYA TAHA DHARAUTI KHATA | 1050100303000002 | 80330503300 | |

1. Eligible Bidders May Obtain Further Information At The Office Of Gajuri Rural Municipality, Dhading, Email: Ito.gajurimun@Gmail.com , Website: Www.gajurimun.gov.np And Contact No. 9851338362 Or May Visit Ppmo Website Www.bolpatra.gov.np/Egp . Also, Visit Our Facebook: Www.facebook.com/Gajuriruralmunicipality

**Chief Administrative Officer**




**इण्डोनेसियाको जकार्तामा राष्ट्रिय ऊर्जा नीतिको विरोध र जीवाश्म इन्धनमा निर्भरता अन्त्य गर्न आह्वान गर्दै मुआरा करङ ग्यासबाट चल्ने पावर प्लाण्टको अगाडि समुद्रमा प्रदर्शन गर्दै ग्रिनपिस इण्डोनेसियाका कार्यकर्ता ।** *तस्विरः एएफपी*

# ट्रम्पको गाजा योजना पारित, अन्तर्राष्ट्रिय बललाई अनुमति



**न्युयोर्क-** संयुक्त राष्ट्र सुरक्षा परिषद्ले सोमबार अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पद्वारा प्रस्तावित गाजा द्वन्द्व अन्त्य योजना तथा प्यालेस्टिनी क्षेत्र गाजामा अन्तर्राष्ट्रिय स्थिरीकरण बल तैनाथ गर्ने व्यवस्थालाई समर्थन गर्दै अमेरिकाले तयार पारेको प्रस्ताव पारित गरेको छ । परिषद्ले १३-० मतले प्रस्ताव अनुमोदन गरेको हो । परिषद्का स्थायी सदस्य चीन र रुस मतदानबाट अनुपस्थित रहेका थिए ।

यो मतदान इजरायल र हमासले गत महिना ट्रम्पको २० बुँदे योजनाअन्तर्गतको प्रारम्भिक चरण (दुई वर्षदेखि जारी युद्धलाई रोक्ने युद्धविराम तथा इजरायली बन्धकहरूको रिहाइको सम्झौता) स्वीकार गरेपछि भएको हो । यस निर्णयलाई गाजामा प्रस्तावित संक्रमणकालीन प्रशासनलाई अन्तर्राष्ट्रिय वैधता प्रदान गर्ने महत्त्वपूर्ण कदमका रूपमा हेरिएको छ, जसले स्थिरता मिसनमा सहभागी हुन चाहने राष्ट्रहरूलाई प्रोत्साहित गर्ने मानिएको छ ।

प्रस्तावमा सहभागी राष्ट्रहरूले ट्रम्पको अध्यक्षतामा रहने 'शान्ति बोर्ड' मा भाग लिन सकिने व्यवस्था गरिएको छ । उक्त बोर्डलाई गाजाको पुनर्निर्माण तथा आर्थिक पुनरुत्थानका गतिविधि सञ्चालन गर्ने अस्थायी प्रशासनिक निकायका रूपमा परिभाषित गरिएको छ । साथै, अन्तर्राष्ट्रिय स्थिरीकरण बललाई (आइएसएफ) क्षेत्रको असैन्यीकरण, हतियार नष्ट गर्ने तथा सैन्य पूर्वाधार ध्वस्त पार्ने जिम्मेवारी औपचारिकरूपमा दिने अधिकार पनि प्रस्तावले प्रदान गर्दछ ।

तर हमासले परिषद्को निर्णयलाई अस्वीकार गरेको छ । समूहले आफू निशस्त्रीकरण नहुने दृढता दोहोऱ्याउँदै इजरायलविरुद्धको आफ्नो संघर्षलाई 'वैध प्रतिरोध' भनेको छ । हमासले यस प्रस्तावलाई 'गाजा पट्टीमा अन्तर्राष्ट्रिय संरक्षकता थोपर्ने प्रयास' भनी आरोप लगाउँदै जनताले यसलाई अस्वीकार गर्ने दाबी गरेको छ । संयुक्त राष्ट्रसंघका लागि अमेरिकी राजदूत माइक वाल्ट्जले परिषद्को बैठकमा प्रस्तावलाई 'प्यालेस्टिनी आत्मनिर्णयतर्फ सम्भावित मार्गचित्र' को रूपमा व्याख्या गरे । उनले यसले 'हमासको नियन्त्रण तोड्ने' र गाजालाई आतंक र भयमुक्त, समृद्ध तथा सुरक्षित बनाउने आधार तयार गर्ने बताए ।

दोस्रोतर्फ स्थायी सदस्य रूसले यसअघि सम्भावित भिटोको संकेत गरे पनि अन्ततः मतदानमा भाग नलिएपछि प्रस्ताव पास हुन सक्षम भयो । रूस र चीन दुवैले गाजाको भविष्य निर्धारणमा संयुक्त राष्ट्रसंघको भूमिकालाई सीमित गर्ने अमेरिकी दृष्टिकोणको आलोचना गरे । रूसी प्रतिनिधि भासिली नेबेन्ज्याले परिषद्ले 'वासिङ्टनको प्रतिज्ञासहित गाजामा शान्ति बोर्ड र आइएसएफलाई पूर्णअधिकार दिएको' टिप्पणी गर्दै यसका 'विधि र उद्देश्यबारे अस्पष्टता' रहेको बताए ।

## प्यालेस्टाइनद्वारा प्रस्तावको स्वागत

**रामल्ला-** प्यालेस्टाइनले गाजा पट्टीका लागि अमेरिकाले तयार पारी संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्ले स्वीकृत गरेको प्रस्तावलाई स्वागत गरेको छ । जसले स्थायी युद्धविरामको पुष्टि गर्दै सहायताको निर्बाध प्रवेश र वितरण सम्भव बनाई प्यालेस्टिनी जनताको अधिकारलाई समर्थन गर्दछ ।

प्यालेस्टाइनले गाजा पट्टीमा सामान्य जीवन पुनर्स्थापना गर्ने, गाजाबासीको सुरक्षा सुनिश्चित गर्ने, विस्थापन रोक्ने, इजरायली कब्जा बलहरूको पूर्णफिर्ती सुनिश्चित गर्ने, पुनर्निर्माण गर्ने कार्यको आवश्यकतामा जोड दिएको छ ।

प्यालेस्टाइनले अमेरिकी प्रशासन, सुरक्षा परिषद्का सदस्यहरू, अरब र इस्लामिक देशहरू, युरोपेली संघ र यसका सदस्य राष्ट्र संयुक्त राष्ट्रसंघलगायत न्युयोर्क घोषणाका साझेदारहरूसँग सहकार्य गर्न तयार रहेको पुष्टि गरेको छ । जसले गाजा पट्टी, वेस्ट ब्यांक र पूर्वी जेरुसेलममा प्यालेस्टिनी जनताको पीडा अन्त्य गर्न मद्दत गर्ने र शान्ति सुरक्षा प्राप्त गर्ने विश्वसनीय राजनीतिक प्रक्रियाका लागि मार्गप्रशस्त गर्ने छ ।

प्यालेस्टाइनले गाजा पट्टीमा आफ्नो पूर्णजिम्मेवारी ग्रहण गर्ने आफ्नो तयारीलाई दोहोऱ्याउँदै यो पट्टी प्यालेस्टाइन राज्यको अभिन्न अंग भएको पुष्टि गरेको छ । प्यालेस्टाइनले शान्ति, स्थिरता र सुरक्षालाई बढावा दिई प्यालेस्टिनीको स्वतन्त्रता र आत्मरक्षाका लागि मिलेर काम गर्ने इच्छा व्यक्त गर्ने र सहयोग गर्ने सबै देशहरूको प्रशंसा गरेको छ । *रासस/क्युएनए*

प्यालेस्टिनी प्राधिकरणले भने प्रस्तावको स्वागत गर्दै यसलाई कार्यान्वयनमा सहयोग गर्न तयार रहेको जनाएको छ । कूटनीतिज्ञहरूका अनुसार रूसी भिटो रोक्न प्राधिकरणको समर्थन निर्णायक रहेको थियो । राष्ट्रपति ट्रम्पले सुरक्षा परिषद्को निर्णयलाई 'ऐतिहासिक' भन्दै प्रशंसा गरेका छन् । उनले ट्रुथ सोसलमा लेख्दै भने, 'शान्ति बोर्डलाई समर्थन गर्दै भएको संयुक्त राष्ट्र सुरक्षा परिषद्को अद्भूत मतदानका लागि विश्वलाई बधाइ । यसको अध्यक्षता म स्वयं गर्ने छु र यसमा विश्वका सम्मानित तथा शक्तिशाली नेताहरू समावेश रहने छन् ।'

प्रस्तावले इजरायलभित्र भने असहजता बढाएको छ, किनकि यसको पाठले दीर्घकालीनरूपमा प्यालेस्टिनी राज्यको सम्भावना संकेत गर्दछ । यसमा प्यालेस्टिनी प्राधिकरणले सुधार लागू गरेपछि तथा गाजाको पुनर्निर्माणमा पर्याप्त प्रगति भएपछि 'प्यालेस्टिनी आत्मनिर्णय तथा राज्य स्थापनातर्फ विश्वसनीय मार्ग' बन्न सक्छ भन्ने उल्लेख गरिएको छ । साथै, संयुक्त राज्य अमेरिकाले इजरायल र प्यालेस्टिनीबीच 'शान्तिपूर्ण सहअस्तित्वका लागि राजनीतिक क्षितिजमा सहमति खोज्ने संवाद' स्थापना गर्ने उल्लेखसमेत गरिएको छ ।

इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले भने आफ्ना दक्षिणपन्थी गठबन्धन साझेदारहरूको दबाबबीच प्यालेस्टिनी राज्यको समर्थन अस्वीकार गर्दै गाजालाई 'सजिलो वा कठिन कुनै पनि मार्गबाट पूर्ण विमुद्रीकरण गर्ने' प्रतिबद्धता व्यक्त गरेका छन् । *रासस/एएनआई*

# भारतका सुक्खा प्रभावित गाउँमा बालिकाहरूको शिक्षा गम्भीर संकटमा

**नन्दुरबार (भारत)-** भारतको महाराष्ट्र राज्यका दूरदराजका खडेरीपीडित गाउँहरूमा रहेका बालिकाहरू शिक्षा र बाँच्नका लागि गरेको संघर्षबीच द्विविधामा परेको मार्मिक यथार्थ सतहमा आएको छ ।

प्रत्येक बिहान १७ वर्षीया रमाती मंगला झर्ना गाउँबाट धेरै किलोमिटर टाढासम्म नांगो खुट्टा हिँड्दै पानी ल्याउन स्टिलको भाँडो लिएर प्रस्थान गर्छिन् । जब उनी घर फर्कन्छिन्, तबसम्म विद्यालय सुरु भएर सकिनै लागेको हुन्छ । 'मेरो पुस्तकहरू सुरक्षित राखेको छु' उनले भनिन्, 'तर कहिल्यै समयमै फर्कने मौका पाइन भने के हुन्छ ?'

महाराष्ट्रका नासिक र नन्दुरबार जिल्लामा कुवाहरू सुक्दै गएका छन् र वर्षा दिनप्रतिदिन अनियमित बन्दै गएको छ, जसले स्थानीय बासिन्दाहरूलाई कठोर जीवनस्थितिको सामना गर्न बाध्य पारेको छ । कामको खोजीमा पुरुषहरू नजिकका सहरतिर रोजगारीका लागि गएपछि मंगलाजस्ता किशोरीहरूलाई घरपरिवारका लागि पानी जुटाउने जिम्मेवारीअनुसार भारी बोझ वहन गर्नुपर्ने बाध्यता छ । दैनिक घन्टौं लाग्ने यो कामले विद्यालयमा हाजिरी राख्न अत्यन्तै कठिन बनाइदिएको छ ।

स्थानीय अधिकारीहरूको अनुमानअनुसार यी क्षेत्रका करिब २० लाख जनसंख्याले दैनिक पानीको अभाव भोगिरहेको छ । सन् २०२१ मा प्रकाशित युनेस्कोको प्रतिवेदनले जलवायुजन्य अवरोधहरूले विश्वभर लाखौं बालिकाहरूलाई शिक्षाबाट वञ्चित गराउने खतरा रहेको चेतावनी दिएको थियो । भारतका ग्रामीण बस्तीहरूमा सो प्रतिकूल प्रभाव पहिले नै स्पष्टरूपमा देखिन थालेको शिक्षकहरू बताउँछन् । हालैका वर्षहरूमा विशेषतया सुक्खा महिनामा विद्यालयमा बालिकाहरूको उपस्थिति तीव्ररूपमा घटेको छ । पारिवारिक जीविकोपार्जनको संकटले धेरै अभिभावकहरू बाध्य भएर छोरीहरूलाई घरमै राख्नुपर्ने वा चाँडै विवाह गरिदिनुपर्ने विकल्पमा पुगेका छन् ।

संयुक्त राष्ट्र बाल कोष (युनिसेफ) ले आफ्नो प्रतिवेदनमा उल्लेख गरेको छ, 'सुक्खाग्रस्त क्षेत्रमा बस्ने बालबालिकाहरू, विशेषगरी पानी ल्याउने दायित्व पाएका बालिकाहरू विद्यालयमा नियमित हाजिर हुन निकै कठिनाइ भोग्छन्, किनकि पानीको कमी र प्रदूषणका कारण पानी संकलन गर्न लाग्ने समय झनै बढ्दो छ ।' भारतभरका किशोरीहरूको जीवनमा जलवायु परिवर्तनले पानी ल्याउनेजस्तो सामान्य दैनिक कार्यलाई अब अस्तित्व र शिक्षाबीचको गम्भीर छनोटमा परिणत गरिदिएको छ । *रासस/एएफपी*

# पाकिस्तानमा सुरक्षा कारबाहीमा १५ आतंककारी मारिए

**इस्लामाबाद-** पाकिस्तानी सेनाले मंगलबार अफगानिस्तानको सीमा नजिक रहेको देशको उत्तरपश्चिमी क्षेत्रमा गुप्तचर सूचनाका आधारमा दुईवटा गोप्य स्थानमा विशेष छापा मार्दै १५ जना आतंककारीलाई मारिएको जनाएको छ । सैन्य विज्ञप्तिअनुसार डेरा इस्माइल खान र उत्तरी वजीरिस्तानमा गरिएको छुट्टाछुट्टै कारबाहीमा ती आतंककारीको मृत्यु भएको हो ।

सेनाले पहिलो अपरेसन खैबर पख्तुनख्वा प्रान्तअन्तर्गत डेरा इस्माइल खान जिल्लामा सञ्चालन गर्दै १० जना पाकिस्तानी तालिबान सदस्य मारिएको पुष्टि गरेको छ । यसैगरी, दोस्रो कारबाही उत्तरी वजीरिस्तानमा गरिँदा थप पाँच जना आतंककारी मारिएको उल्लेख गरिएको छ ।

विज्ञप्तिमा सेनाले मारिएका ती व्यक्तिहरूलाई 'ख्वारिज' का रूपमा पहिचान गरेको छ । यो शब्द अधिकारीहरूले अफगानिस्तान र भारतद्वारा समर्थन प्राप्त गरेको आरोप लागेका आतंकवादीहरूका लागि प्रयोग गर्दै आएका छन् । यसमा प्रतिबन्धित तेहरीक-ए-तालिबान पाकिस्तान (टिटिपी) का सदस्यहरू समेत समावेश हुने दाबी गरिएको छ । काबुल र नयाँदिल्ली दुवैले यस प्रकारका आरोप निरन्तर अस्वीकार गर्दै आएका छन् ।

पाकिस्तानी तालिबान, अफगान तालिबानसँग छुट्टै तर वैचारिकरूपमा नजिक रहेको समूहको रूपमा परिचित छ । काबुलमा सन् २०२१ मा तालिबान पुनः सत्तामा आएपछि टिटिपीले आफ्नो गतिविधि विस्तार गरेको र मनोबल बढेको सुरक्षा अधिकारीहरूले बताउँदै आएका छन् ।

अहिलेसम्म धेरै टिटिपी नेता तथा लडाकुहरूले अफगानिस्तानको सीमापार रहेका सुरक्षित आश्रयस्थानहरूबाट सञ्चालन गरिरहेको विश्वास गरिन्छ । यसले इस्लामाबाद र काबुलबीचका कूटनीतिक तथा सुरक्षा सम्बन्धलाई थप तनावपूर्ण बनाइरहेको पाकिस्तानी अधिकारीहरूको मूल्यांकन छ । *रासस/एपी*

**Miklajung Rural Municipality**
**Office Of Rural Municipal Executive**
**Madhumalla, Morang**

**Invitation for Bid**

**Koshi Province, Nepal**
**first Notice: 03 Mangsir 2082 (19Th November 2025)**

1. Miklajung Rural Municipality, Office of Rural Municipal Executive, Madhumalla Morang Invites Online Bids under E-procurement system from eligible bidders for the procurement of following works.

| Contract Identification Number and description of works | Bid Security Amount (NRs) | Cost of bidding Documents (NRs.) | Last time and date of bid submission | Procurement Method | Other Details | |
|---|---|---|---|---|---|---|
| | | | | | Average Annual Turnover | Specific Experience Requirement |
| 03/MRMM/WORKS/ NCB/082/83 (Miney Chowk dekhi Bimala Chowk Samma Sadak Kalopatre) | 9,75,000 | 5000 | 12:00 noon 21th December 2025 | NCB | 56.8 million | As stated in Section III Evaluation and Qualification Criteria of Bid Document |

Eligible bidders may obtain further Information and Inspect the bidding document from the PPMO website www.bolpatra.gov.np/egp or may visit the office of Miklajung Rural Municipality,Morang.

**Chief Administrative Officer**

**कतारमा रोजगार** कम्पनी : MISSION GENERAL CONTRACTING WLL

पूर्व स्वीकृति मिति : २०८२/०१/०४ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०८/०२ | LT. No. 322041 | चलानी नं. ६०२३६१७६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 10 | 0 | 1000 | ३८,८७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ मंसिर १० गते (26th Nov. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

Career International Services (P.) Ltd.
License No.: 646/063/064
धुम्वाराही, पिपलबोट, काठमाडौं, फोन : ४००९६४१, ४००९६४३, Email : info@career-intl.com, Website : www.career-intl.com

**मलेसियामा रोजगार** कम्पनी : DEFENCE MASTER SECURITY SDN. BHD.

पूर्व स्वीकृति मिति : २०८१/१२/२५ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०८/०२ | LT. No. 321589 | चलानी नं. ६०२३५७४१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guards | 21 | 0 | 1700 | ५७,७८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ मंसिर १० गते (26th Nov. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

TRANS WORLD Manpower CO.(P) Ltd.
Govt. License 300/059/60
3rd Floor, Josi Complex/ Opp. Padmodaya High School/ Exhibition Road, Kathmandu
Tel: 00977-1-4219272, 4219282, 2042104/ Email: twmanpower@wlink.com.np

**साउदीमा रोजगार** कम्पनी : AL YUSR INDUSTRIAL COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०८/०२ | LT. No. 333863 | चलानी नं. ६०२४७५२२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Load & Unloading | 5 | 0 | 1000 | ३७,८१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ मंसिर १० गते (26 Nov. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

YUSHO GLOBAL PVT. LTD. श्रम इजाजत नं. ११८२/०७३/७४
Pinglasthan-9, Gausala, Kathmandu, Nepal,Tel: +014489104, 014488104

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - २३९५०० | प्रति तोला - ० | प्रति तोला - ३०९० |

# दुई खर्ब ७५ अर्ब बक्यौता कर असुली हुन बाँकी

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** गत आर्थिक वर्ष २०८१/८२ सम्ममा तीन लाख ३० हजार ९१२ जना करदाताबाट रु दुई खर्ब ७५ अर्ब बक्यौता कर असुली हुन बाँकी देखिएको छ ।

आन्तरिक राजस्व विभागको वार्षिक प्रगति प्रतिवेदनअनुसार बक्यौता बाँकी रहेका करदाताबाट रु ९४ अर्ब ९५ करोड र प्रशासकीय पुनरावलोकनमा रहेका दुई हजार ९५ करदाताबाट रु एक खर्ब ८० अर्ब १० करोड बराबर असुली हुन बाँकी देखिएको हो ।

असुली हुन बाँकी कर बक्यौताको अवस्था हेर्दा आयकरतर्फ सबैभन्दा बढी एक लाख ९३ हजार ६२० करदाताबाट रु दुई खर्ब १९ अर्ब ११ करोड उठ्न बाँकी रहेको छ । मूल्य अभिवृद्धि करतर्फ एक लाख ३७ हजार २५३ करदाताबाट रु ४८ अर्ब ७० करोड,

**▸▸ आन्तरिक राजस्व विभागको वार्षिक प्रगति प्रतिवेदनअनुसार बक्यौता बाँकी रहेका करदाताबाट रु ९४ अर्ब ९५ करोड र प्रशासकीय पुनरावलोकनमा रहेका दुई हजार ९५ करदाताबाट रु एक खर्ब ८० अर्ब १० करोड बराबर असुली हुन बाँकी देखिएको हो ।**

अन्तः शुल्कतर्फ ३६४ करदाताबाट रु चार अर्ब नौ करोड र अन्यतर्फ एक हजार ७७० करदाताबाट रु तीन अर्ब १५ करोड बराबर कर असुली हुन बाँकी छ ।

गत आर्थिक वर्षमा आन्तरिक राजस्व विभागले कर बक्यौता असुलीका लागि राखेको वार्षिक लक्ष्यको प्रगति पनि न्यून देखिएको छ । 'बक्यौता संकलनतर्फ आर्थिक वर्ष २०८१/८२ मा आयकरतर्फ रु २२ अर्ब ७६ करोड लक्ष्य रहेकामा रु आठ अर्ब ७१ करोड असुल भई लक्ष्यको तुलनामा ३८ दशमलव २९ प्रतिशत प्रगति हासिल भएको छ', वार्षिक प्रतिवेदनमा भनिएको छ ।

त्यसैगरी मूल्यअभिवृद्धि करतर्फ रु १६ अर्ब ३३ करोड बक्यौता उठाउने लक्ष्य रहेकामा ६३ दशमलव २८ प्रतिशत अर्थात् रू १० अर्ब ३३ करोड असुल भएको जनाइएको छ ।

गत आर्थिक वर्षमा बक्यौता समायोजनमा आयकरतर्फ रु २७ अर्ब ३८ करोड लक्ष्य रहेकोमा रु २१ अर्ब ३९ करोड प्रगति भई लक्ष्यको तुलनामा ७८ दशमलव एक प्रतिशत प्रगति भएको छ । त्यस्तै मूल्य अभिवृद्धिकरतर्फ रु १८ अर्ब १७ करोड लक्ष्य रहेकामा रु २२ अर्ब २९ करोड अर्थात् वार्षिक लक्ष्यको तुलनामा १२२ दशमलव ६३ प्रतिशत प्रगति भएको छ ।



**तोरी पहेंलै** | पोखरा महानगरपालिका-२७ अर्घोको अर्चलेमा स्थानीयबासीले लगाएको टोरीको खेतबारीमा ढकमक्क फुलेको फूल र पृष्ठभूमिमा माछापुच्छे हिमशृंखला । *तस्बिर : राधिका कँडेल/रासस*

# सुदूरपश्चिम प्रदेशको कूल गार्हस्थ उत्पादन चार खर्ब ३० अर्ब

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** सुदूरपश्चिम प्रदेशको कूल गार्हस्थ्य उत्पादन रु चार खर्ब ३० अर्ब बराबर पुग्ने अनुमान गरिएको छ । नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको सुदूरपश्चिम प्रदेशको आर्थिक गतिविधि अध्ययन २०८१/८२ को वार्षिक प्रतिवेदनअनुसार उक्त आवमा प्रदेशको कूल गार्हस्थ्य उत्पादनको वृद्धिदर तीन दशमलव २८ प्रतिशत हुने संशोधित अनुमान रहेको छ ।

प्रदेशले चालु आर्थिक वर्षमा देशको कूल गार्हस्थ्य उत्पादनमा सात दशमलव शून्य तीन प्रतिशत योगदान पुऱ्याउने प्रारम्भिक अनुमान गरिएको छ । बृहत् औद्योगिक वर्गीकरणअनुसार प्रादेशिक कूल गार्हस्थ्य उत्पादनमा सबैभन्दा बढी ३४ दशमलव ७२ प्रतिशत योगदान कृषि, वन तथा मत्स्यपालन क्षेत्रको र सबैभन्दा कम शून्य दशमलव १३ प्रतिशत योगदान प्रशासनिक तथा सहयोगी सेवा क्षेत्रको रहने प्रारम्भिक अनुमान गरिएको छ ।

आव २०८०/८१ मा पनि कृषि, वन तथा मत्स्य क्षेत्रको योगदान अग्रस्थान (३३ प्रतिशत) र प्रशासनिक तथा सहयोगी क्षेत्रको योगदान अन्तिम स्थान (शून्य दशमलव १३ प्रतिशत) मा हुने संशोधित अनुमान गरिएको थियो ।

त्यसैगरी, आव २०८१/८२ मा सुदूरपश्चिम प्रदेशको कूल गार्हस्थ्य उत्पादन रु चार चार खर्ब ३० अर्ब र आर्थिक वृद्धिदर उपभोक्ता मूल्यमा तीन दशमलव ३२ प्रतिशत र आधारभूत मूल्यमा दुई दशमलव ७१ प्रतिशत रहने अनुमान गरिएको छ । आधारभूत मूल्यमा प्रदेशको प्राथमिक क्षेत्रको वृद्धिदर दुई दशमलव आठ दुई दशमलव आठ प्रतिशत, द्वितीय क्षेत्रको वृद्धिदर दुई प्रतिशत र तृतीय क्षेत्रको वृद्धिदर दुई दशमलव नौ प्रतिशत रहने अनुमान गरेको छ ।

समीक्षा वर्षमा प्रमुख कृषि बाली (खाद्य तथा अन्य बाली, तरकारी एवं फलफूल तथा मसला) ले ढाकेको भू-क्षेत्र दुई दशमलव १६ प्रतिशतले वृद्धि भएको छ । यस्ता बालीको उत्पादन दुई दशमलव ७७ प्रतिशतले बढेको छ ।

प्रमुख खाद्य तथा अन्य बालीमध्ये सबैभन्दा बढी तेलहन र आलुको उत्पादन क्रमशः १८ दशमलव ८९ प्रतिशत र १६ दशमलव ११ प्रतिशतले वृद्धि भएको छ भने फापरको उत्पादनमा सबैभन्दा बढी ७७ दशमलव ८८ प्रतिशतले ह्रास आएको छ ।

# दरमखोला हाइड्रोपावरले थाल्यो व्यावसायिक उत्पादन

**बागलुङ (प्रस)–** दरमखोला हाइड्रोपावरले व्यावसायिक उत्पादन थालेको छ । विसं २०७७ देखि निर्माण सुरु भएको हाइड्रोपावरबाट आइतबारदेखि व्यवसायी उत्पादन सुरु गरिएको हो ।

दरमखोला हाइड्रो इनर्जी लिमिटेडमार्फत सञ्चालनमा आएको हाइड्रोपावर गत असोज ३० गते केन्द्रीय प्रसारण लाइनमा जडान गरिएको थियो । विसं २०६५ मा हाइड्रोपावर निर्माण गर्ने भनिए पनि विसं २०७७ देखि मात्रै काम सुरु भएको हाइड्रोपावरको उत्पादन क्षमता ९ दशमलव ६ मेगावाट छ ।

सुरुमा गोर्खा हाइड्रोपावर कम्पनीले निर्माण गर्ने भने पनि अहिले दरमखोला हाइड्रो इनर्जी प्रालीले जिम्मा लिएको छ । गलकोट नगरपालिका-८ काँडेबासमा ड्याम निर्माण गरी साढे चार किलोमिटर पश्चिम मनेवापाटामा विद्युत्गृह निर्माण गरी विद्युत् उत्पादन सुरु गरिएको हाइड्रोपावरका इञ्जिनियर मिथिलेस चौधरीले जानकारी दिए । बर्खामा ९ दशमलव ६ मेगावाट विद्युत् उत्पादन गर्न सकिने भए पनि हिउँद याममा ६ दशमलव ६ मेगावाट मात्रै उत्पादन भइरहेको इञ्जिनियर चौधरीले बताए ।

इञ्जिनियर चौधरीले भने, 'दरमखोला हाइड्रोपावरलाई नेपाल विद्युत् प्राधिकरणको प्रसारण लाइनमा जोडिएको छ, विद्युत्गृहभन्दा १४ किलोमिटर पूर्वमा रहेको हरिचौर सवस्टेशनमा जोडिएको छ, प्रसारण लाइनमा एक महिना अगाडि नै जोडे पनि व्यावसायिक उत्पादन भने अहिले बल्ल नियमित हुन थालेको छ, बर्खामा ९ दशमलव ६ मेगावाट उत्पादन गर्न सकिने भए पनि अहिले सकिदैन ।'

हाइड्रोपावर निर्माणको जिम्मा रामेछाप शेर्पा कन्स्ट्रक्सन र क्रिमहाइडल लिमिटेड पाएका थिए । हाइड्रोपावर निर्माण गर्दा विभिन्न अवरोध हुँदा निर्माण सम्पन्न गर्न समय लागेको दरमखोला हाइड्रो इनर्जीका अध्यक्ष नरबहादुर पुनले बताए । सुरुमा गोर्खा हाइड्रोपावर कम्पनीले बनाउने गरी इजाजत पाए पनि उक्त कम्पनीले काम नगरेपछि आफूले सुरु गरेको उनको भनाइ छ ।

## कर्पोरेट

### मुक्तिनाथ विकासले दियो महराजगञ्ज वृत्तलाई दुई थान मोटरसाइकल




**काठमाडौं (प्रस)–** मुक्तिनाथ विकास बैंक लि.ले नेपाल प्रहरीवृत महराजगञ्जलाई दुई थान मोटरसाइकल हस्तान्तरण गरेको छ । एक कार्यक्रम बीच बैंकका नायव प्रमुख कार्यकारी अधिकृत समीर शेखर बर्जाचार्यले नेपाल प्रहरी वृत्त महराजगञ्जका कार्यालय प्रमुख निरंजन थापालाई दुई थान मोटरसाइकल हस्तान्तरण गरेका थिए ।

यो सहयोगले नेपाल प्रहरी मार्फत समाजमा शान्ती सुरक्षाको प्रत्याभुति दिलाउन, संवेदनशील स्थानहरूको निगरानी गरी समयमै सूचना संकलन गर्ने र देशमा शुसासन कायम राख्ने कार्यमा विशेष योगदान पुऱ्याउने अपेक्षा लिएको छ । सुरक्षित समाज निर्माण हाम्रो साझा दायित्व हो । बैंकले सामाजिक उत्तरदायित्वलाई आत्मसाथ गर्दै नेपाल प्रहरी अग्रपंक्तिमा रहेर नागरिक सुरक्षामा खटिने संस्थान भएकाले , यस सहयोगबाट कार्यसम्पादनलाई केही सहज बनाउन साहयोग पुग्ने बैंकले विश्वास लिएको छ ।

### बालाजुमा नयाँ भेस्पा तथा अप्रिलिया सर्भिस सेन्टर




**काठमाडौं (प्रस)–** भेस्पा तथा अप्रिलियाका नेपालका आधिकारिक बिक्रेता डेल्टा अटोकर्प प्रा. लि. ले बालाजु, भ्याली कोल्ड स्टोरको विपरीत, सानिमा बैंक नजिकै नयाँ भेस्पा तथा अप्रिलिया सर्भिस सेन्टर सञ्चालनमा ल्याएको छ । नयाँ सर्भिस सेन्टरले सोमबारगतेदेखि आधिकारिक रूपमा सेवा प्रदान गर्न थालेको हो, जसले ग्राहकहरूलाई बिक्री पछिको सेवामा अझै सहज पहुँच सुनिश्चित गर्ने कम्पनीको प्रतिबद्धतालाई थप सुदृढ बनाएको छ ।

सर्भिस सेन्टरको उद्घाटन डेल्टा अटोकोर्प प्रा. लि. का प्रमुख कार्यकारी अधिकृत तथा निर्देशक विजय कुमार महतोले गरेका थिए । यसले काठमाडौं उपत्यकाभरका भेस्पा तथा अप्रिलिया प्रयोगकर्ताहरूसम्म सेवाको पहुँच र सहजता विस्तार गर्ने कम्पनीको निरन्तर लक्ष्यमा अर्को महत्वपूर्ण उपलब्धिको रूपमा चिन्हित भएको छ ।

आधुनिक उपकरण, उन्नत मेशिनरी तथा व्यावसायिक रूपमा प्रशिक्षित प्राविधिकहरूसहित सुसज्जित यस नयाँ बलाजु सर्भिस सेन्टरले ग्राहकहरूलाई प्रिमियम सर्भिसिङ, मर्मत, डाएग्नोस्टिक सेवा तथा जेनुइन स्पेयर पाटर्स उपलब्ध गराउँदै विश्वसनीय र सहज अनुभव प्रदान गर्ने उद्देश्य राखेको छ ।

### अल्टिमेट एआई पार्टी फोन रियलमी १५ प्रो फाइभ-जी नेपालमा




**काठमाडौं (प्रस)–** विश्वको अग्रगामी स्मार्टफोन ब्रान्ड रियलमी ले आफ्नो नयाँ रियलमी १५ प्रो ५जी नेपालमा विक्री सुरु गरेको जनाएको छ । उन्नत इमेजिङ, शक्तिशाली एआई फिचर, र प्रिमियम प्रयोगकर्ता अनुभवका साथ आएको यो मोडललाई कम्पनीले नेपालको अल्टिमेट एआई पार्टी फोनका रूपमा प्रस्तुत गरेको छ, विशेषगरी युवा वर्गलाई लक्षित यो फोनमा सिर्जनशीलता, प्रदर्शन र शैलीलाई प्राथमिकता दिएको छ ।

नेपालभरका रियलमी आधिकारीक विक्रेतामा उपलब्ध यो स्मार्टफोन १२जीबी + २५६जीबी (रु. ६६,९९९) र १२जीबी + ५१२जीबी (रु. ७१,९९९) भेरियन्टमा पाउन सकिन्छ । यो मोडल फ्लोइङ सिल्भर र भेल्भेट ग्रीन नामका दुई आकर्षक रंगमा उपलब्ध छ ।

रियलमी १५ प्रो ५जी ले समावेश गरेका केही प्रमुख फिचरहरू ४के ६० एफपीएस भिडियो रेकर्डिङ, ६५०० निट्स अल्ट्रा-ब्राइट डिस्प्ले, ७००० एमएएच् ब्याट्री र ८० डब्लू फास्ट चार्जिङ, साथै १४४ हर्ज अल्ट्रा-स्मूथ स्क्रिनले यसलाई आफ्नो श्रेणीमै विशेष बनाएको छ । यसमा रहेको सोनी आईएमएक्स ८९० ओआईएस सहितको ट्रिपल ५० एमपी अल्ट्रा क्लियर क्यामेरा सिस्टम, ५० एमपी हाई-रेज फ्रन्ट क्यामेरा, र स्न्यापड्रागन ७ जेन ४ प्रोसेसर ले फोटोग्राफी, भिडियो, गेमिङ र दैनिक काम सबैमा उत्कृष्ट प्रदर्शन प्रदान गर्छ ।

### सिद्धार्थ बैंकको २४औं वार्षिक साधारणसभा सम्पन्न




**काठमाडौं (प्रस)–** सिद्धार्थ बैंक लिमिटेडको २४औं वार्षिक साधारणसभा सम्पन्न भएको छ । आइतबार काठमाडौंको भद्रकालीस्थित आर्मी अफिसर्स क्लबमा बैंकका सञ्चालक समितिका अध्यक्ष राहुल अग्रवालको अध्यक्षतामा साधारणसभा सम्पन्न भएको हो ।

साधारणसभाले बैंकको हाल कायम रहेको चुक्ता पुँजी १४ अर्ब आठ करोड ९९ लाख ८० हजार १९० रूपैयाँमा ५ प्रतिशत बराबरको ७० करोड ४४ लाख ९९ हजार १० रूपैयाँ बोनस शेयर तथा ५.५३ प्रतिशत बराबरको ७७ करोड ९१ लाख ७५ हजार ९०५ रूपैयाँ नगद लाभांश (कर प्रयोजनका लागिसमेत) वितरण गर्ने निर्णय गरेको छ ।

यस्तै, आर्थिक वर्ष २०८१/८२ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन पारित गर्ने, लेखापरीक्षकको प्रतिवेदनसहित २०८२ असार मसान्तको वित्तीय अवस्थाको विवरण, नाफा-नोक्सान विवरण, सोही अवधिको नगद प्रवाह विवरण, स्वपुँजी (इक्विटी) मा भएको परिवर्तनको विवरण पारित गर्ने एवम् बाह्य लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने लगायतका प्रस्तावहरू सभाले पारित गरेको छ ।

### स्वदेशी उत्पादनको प्रर्दशनी हुँदै

**लुम्बिनी (प्रस)–** स्वदेशी उद्योगको प्रवर्द्धनका लागि स्वदेशी उत्पादनको प्रयोग बढाउने उद्देश्यले बुटवलमा राष्ट्रिय औद्योगिक प्रदर्शनी, कृषि, प्रविधि तथा पर्यटन महोत्सव आयोजना गरिने भएको छ । रूपन्देही उद्योग संघको आयोजनामा आगामी पुस ३ गतेदेखि बुटवलस्थित आधुनिक प्रदर्शनीस्थलमा प्रर्दशनी आयोजना गर्न लागिएको पत्रकार सम्मलेनमार्फत् जानकारी दिइयो ।

संघका अध्यक्ष कृष्णप्रसाद पराजुलीले स्वदेशी उद्योगको प्रवर्द्धन र स्वदेशी उत्पादन प्रयोगको भावना विकास गर्ने मुख्य उद्देश्यसहित प्रदर्शनी आयोजना गर्न लागिएको बताए । आर्थिक विकासको मेरुदण्डका रूपमा रहेको औद्योगिक व्यवसायको संरक्षण, सम्वर्द्धन र विकासका लागि स्वदेशी उत्पादनको प्रयोगलाई सबैले प्राथमिकता दिन आवश्यक रहेको सन्देश प्रवाह यसले महत्वपूर्ण भूमिका खेल्ने विश्वास गरिएको उनले बताए ।

प्रदर्शनीमा औद्योगिक प्रविधि, रेष्टुराँ, कृषि, हस्तकला, गार्मेन्ट, बेकरी, छाला जुत्ता, खाद्यान्न, सूचना प्रविधिलगायत करिब ५०० स्टल रहने आयोजकले जनाएको छ । संघले विसं २०४५ मा पहिलोपटक र २०५३ सालदेखि निरन्तर औद्योगिक प्रदर्शनी गर्दै आइरहेको छ । यस वर्ष १६ औं प्रदर्शनी हुन लागेको हो ।

### नेप्से परिसूचकमा दोहोरो अंकको वृद्धि

**काठमाडौं (प्रस) –** नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा दोहोरो अंकको सुधार देखिएको छ । मंगलबार नेप्से परिसूचक १५ दशमलव ७० अंकले बढेर दुई हजार ५६६ दशमलव ०७ बिन्दुमा कायम भएको हो । ३४५ कम्पनीको ९२ लाख ५५ हजार ४५७ कित्ता शेयर ५५ हजार २७७ पटक खरिदबिक्री हुँदा रू ४ अर्ब १० करोड ५४ लाख छ हजार १३४ बराबरको कारोबार भएको छ । कारोबारमा सबै समूहको उपसूचक बढेको छ ।

सागर डिस्टिलरी लिमिटेड, मबिलिङ इनर्जी लिमिटेड, बुँगल हाईड्रो लिमिटेड र झापा ईनर्जी लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा धेरै गुमाउनेमा भने एभरेस्ट बैंक लिमिटेड डिबेन्चरको शेयर मूल्य तीन दशमलव ५४ प्रतिशतले घटेको छ । कारोबार रकमका आधारमा सबैभन्दा धेरै सहास ऊर्जा लिमिटेडको सबैभन्दा धेरै रू २२ करोड ९१ लाख ६६ हजार ९१६ बराबरको शेयर कारोबार भएको छ । कारोबार भएका शेयर संख्याका आधारमा भने बरुण हाइड्रोपावर कम्पनी लिमिटेडको चार लाख ५० हजार ५९५ कित्ता शेयर किनबेच भएको छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ